# प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**बागमती प्रदेश सरकार**

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

**हेटौंडा, नेपाल।**

# प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>
२०७६।०७।२२

<u>संशोधन गर्ने ऐन</u>

| | |
|---|---|
| १. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ | २०७७।०४।१६ |
| २. प्रदेश आर्थिक ऐन, २०७९ | २०७९।०३।२१ |
| ३. केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ | २०७९।०४।३० |
| ४. प्रदेश आर्थिक ऐन, २०८० | २०८०।०३।३१ |
| ५. प्रदेश आर्थिक ऐन, २०८१ | २०८१।०३।३० |

संवत् २०७६ सालको ऐन नं. १९

## <u>प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन</u>

**<u>प्रस्तावना</u>**: व्यापार व्यवसायलाई स्वच्छ, प्रतिस्पर्धी र व्यवस्थित बनाई उपभोक्ता तथा व्यापार व्यवसाय मैत्री वातावरण सृजना गर्नका लागि प्रदेश भित्र हुने व्यापार व्यवसायलाई व्यवस्थापन र नियमन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस ऐनको नाम "प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) "अनुगमन समिति" भन्नाले दफा ५४ र ५५ बमोजिमको अनुगमन समिति सम्झनु पर्छ।

(ख) "अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप" भन्नाले दफा ३८ बमोजिमको कुनै क्रियाकलापलाई सम्झनु पर्छ।

(ग) "अनुमति" भन्नाले यस ऐन बमोजिम प्रदेशभित्र व्यापार व्यवसाय सञ्चालनको लागि प्रदान गरिएको अनुमति सम्झनु पर्छ।

(घ) "उत्पादन" भन्नाले वस्तु बनाउने, तयार गर्ने, प्रशोधन गर्ने, परिणत गर्ने, सम्मिश्रण गर्ने, प्याकिंग वा पुनः प्याकिंग गर्ने, एसेम्बेलिंग गर्ने, लेबल लगाउने प्रक्रिया वा त्यस सम्बन्धमा अपनाइने कुनै वा सबै प्रक्रिया सम्झनु पर्छ।

(ङ) "उनाउ व्यक्ति" भन्नाले साझेदारी बाहेकका अरु कुनै व्यक्तिलाई सम्झनु पर्छ।

(च) "उपभोक्ता" भन्नाले कुनै वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(छ) "कम्पनी" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले त्यस्तो कम्पनीको संस्थापक तथा सञ्चालक समेत सम्झनु पर्छ।

(ज) "कार्यालय" भन्नाले जिल्ला स्थित घरेलु तथा साना

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

उद्योग कार्यालय सम्झनुपर्छ। सो शब्दले जिल्ला स्थित घरेलु तथा साना उद्योग विकास समिति समेतलाई बुझाउँछ।

(झ) "गुणस्तरहीन वस्तु" भन्नाले देहायको कुनै वस्तु सम्झनु पर्छः-

(१) लेबल लगाइएकोमा लेबलमा उल्लेख गरिएको भन्दा कम गुणस्तर भएको वा त्यस्तो वस्तुमा हुनुपर्ने आवश्यक तत्व वा पदार्थको परिमाण घटाइएको वा अर्को कुनै पदार्थको मिसावट गरिएको वस्तु,

(२) मानव स्वास्थ्यलाई हानि हुने गरी सडेको गलेको, फोहोरमैला, बिषादी मिश्रण गरी तयार गरिएको वा स्वास्थ्यलाई हानि हुने कुनै रसायन, रङ्ग वा सुगन्ध प्रयोग गरिएको वस्तु,

(३) वस्तुको केही भाग वा सबै भाग कुनै रोगी वा रोगकारक पशु, पन्छी वा हानिकारक वनस्पतिबाट बनाइएको वस्तु,

(४) तोकिएको मापदण्ड पूरा नगरी उत्पादन, ढुवानी, सञ्चय वा बिक्री गरिएको वस्तु,

(५) उपभोग्य वस्तुको गुणस्तर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा उत्पादकले उल्लेख गरे बमोजिमको गुणस्तर नभएको वस्तु,

(६) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको न्यूनतम भन्दा कम गुणस्तर वा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश

अधिकतम गुणस्तर तोकिएकोमा त्यस्तो गुणस्तर भन्दा बढी भएको वस्तु।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ट) "दर्ता गर्ने निकाय" भन्नाले अनुसूची- ६ बमोजिमको फर्म दर्ता गर्ने निकायलाई जनाउँछ।

(ठ) "निर्देशनालय" भन्नाले उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनु पर्छ।

(ड) "निरीक्षण अधिकृत" भन्नाले दफा ४७ बमोजिमको निरीक्षण अधिकृत सम्झनु पर्छ।

⌘(ड१) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ढ) "प्रदेश भित्रको व्यापार" भन्नाले ◈बागमती प्रदेश को भौगोलिक सीमा क्षेत्र भित्र यस ऐन बमोजिम सञ्चालन गरिने व्यापार व्यवसायलाई सम्झनु पर्छ।

(ण) "प्रदेश सरकार" भन्नाले ◈बागमती प्रदेशको मन्त्रिपरिषदलाई सम्झनु पर्छ।

(त) "प्रमाणपत्र" भन्नाले दर्ता प्रमाणपत्र वा अनुमति प्रमाणपत्र सम्झनु पर्छ।

(थ) "बिक्रेता" भन्नाले वस्तु वा सेवा बिक्री वितरण गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ।

---

⌘केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा थप।

◈केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

(द) "मन्त्रालय" भन्नाले उद्योग व्यापार व्यवसाय सम्बन्धी हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ध) "लेबल" भन्नाले वस्तु वा वस्तुमा लेखिएको, छापिएको, लिथो गरिएको, चिन्ह लगाइएको, इम्बोर्स गरिएको, समावेश गरिएको वा अन्य कुनै किसिमले ट्याग, चिन्ह, तस्वीर वा अन्य विवरणात्मक वस्तु सम्झनु पर्छ।

(न) "वस्तु" भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तु वा वस्तुहरुको समिश्रणबाट बनेको स्वास्थ्यलाई हानि नोक्सानी वा कुनै किसिमको नकारात्मक प्रभाव (साइड इफेक्ट) नगर्ने पदार्थ सम्झनु पर्छ र सो शब्दले त्यस्तो वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ्ग, सुगन्ध वा रसायनलाई समेत जनाउँछ।

(प) "व्यवसाय" भन्नाले यस ऐन र प्रचलित कानून बमोजिम स्थापना गरिएको फर्म वा कम्पनीद्वारा स्थापना भएको उद्योग तथा व्यापार सम्बन्धी व्यवसायलाई सम्झनु पर्छ।

(फ) "साझेदारी" भन्नाले दुई वा दुईभन्दा बढी व्यक्तिहरुले एउटै नाम राखी मुनाफा बण्डा लगाउने गरी सबै कारोबारमा भाग लिन आपसमा कबुलियत गरी यस ऐन बमोजिम दर्ता गर्ने निकायको लगतमा दर्ता गराएको कुनै कारोबारलाई सम्झनु पर्छ।

(ब) "सेवा" भन्नाले विद्युत, खानेपानी, टेलिफोन, सूचना प्रविधि, स्वास्थ्य, शिक्षा तथा परामर्श, यातायात, ढल निकास, बैकिङ्ग वा यस्तै प्रकृतिका अन्य सेवा सम्झनु पर्छ र सो शब्दले कानून, चिकित्सा वा इन्जिनियरिङ्ग सेवालाई समेत जनाउँछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(भ) "सेवा प्रदायक" भन्नाले खण्ड (ब) मा उल्लेख भए बमोजिमको सेवा प्रदान गर्ने व्यक्ति वा संस्थालाई जनाउँछ।

(म) "त्रुटीपूर्ण उत्पादन" भन्नाले कुनै उत्पादन उपभोग गर्न सामान्य मानिसले मनासिब तवरले अपेक्षा गर्ने न्यूनतम सुरक्षाका उपायहरु देहायको कुनै कारणले नभएको कुनै वस्तु वा सेवा सम्झनु पर्छः-

(१) त्रुटीपूर्ण-डिजाइन, निर्माण, प्रशोधन, मिश्रण वा जडान,

(२) त्रुटीपूर्ण-प्याकिंग,संरक्षण वा भण्डारण,

(३) त्रुटीपूर्ण प्रस्तुती,

(४) उत्पादित सेवा वा प्रकृति अनुसार सम्भावित जोखिम वा खतरालाई नियन्त्रण गर्न, पर्याप्त उपाय वा पूर्व सावधानीको अभाव,

(५) बौद्धिक सम्पत्तिको अधिकार प्राप्त उत्पादन कम्पनीले उत्पादन गरेको भन्दा फरक वा चोरी वा नक्कल गरेको उत्पादन।

## परिच्छेद- २

## प्राइभेट फर्म सम्बन्धी व्यवस्था

३. **प्राइभेट फर्म खोल्न दर्ता गराउनु पर्नेः** (१) व्यापार व्यवसाय सञ्चालन गर्न चाहने व्यक्ति वा व्यक्तिहरुले यस ऐन बमोजिम दर्ता गर्ने निकायमा प्राइभेट फर्म दर्ता गराउनु पर्नेछ। दर्ता नगराई कसैले प्राइभेट फर्म खोल्न पाइने छैन।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अघि यस प्रदेशभित्र प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका प्राइभेट फर्म यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

तर त्यस्तो प्राइभेट फर्मले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र दर्ता गर्ने निकायमा अभिलेखीकरण गर्नु पर्नेछ।

(३) अन्य प्रदेशमा दर्ता भएका कुनै प्राइभेट फर्मले यस प्रदेशमा कारोबार गर्नको लागि दर्ता गर्ने निकायमा अभिलेखीकरण गर्नु पर्नेछ।

४. **<u>प्राइभेट फर्म दर्ता गर्न दरखास्त दिनु पर्ने</u>:** (१) प्राइभेट फर्म दर्ता गराउन चाहने व्यक्तिले तोकिएको दस्तुर सहित देहायका विवरण उल्लेख गरी अनुसूची- १ बमोजिमको ढाँचामा दर्ता गर्ने निकाय समक्ष दरखास्त दिनु पर्नेछः-

(क) फर्मको नाम,

(ख) फर्मको ठेगाना, सम्पर्क नम्बर र ईमेल,

(ग) फर्मको उद्देश्य तथा त्यसले कारोबार गर्ने वस्तु तथा सेवाको विवरण,

(घ) फर्म धनीको नाम, ठेगाना, आमा र बाबु, बाजे र बज्यै तथा पति/पत्नीको नाम,

(ङ) नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचय पत्रको प्रमाणित प्रतिलिपि,

(च) दर्ता गर्ने निकायले तोकेको अन्य विवरणहरु।

(२) उपदफा (१) बमोजिम दरखास्त दर्ता भएपछि दर्ता गर्ने निकायले छानविन गर्दा यस ऐन बमोजिमको प्रक्रिया पूरा गरेको देखिएमा अनुसूची- २ बमोजिमको दस्तुर लिई प्राइभेट फर्म दर्ता गरी प्रक्रिया पुगेको पन्ध्र दिन भित्र अनुसूची- ३ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

(३) उद्योग सम्बन्धी दर्ता हुने प्राइभेट फर्मको प्रमाणपत्र जारी गर्दा प्रचलित प्रदेश औद्योगिक व्यवसाय ऐन बमोजिम

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

उद्योगको स्तर, किसिम र उद्योग स्थापना हुने स्थानको जग्गाको कित्ता नम्बर समेत खुलाउनु पर्नेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एकभन्दा बढी प्राइभेट फर्म दर्ता गरिने छैन।

५. **<u>प्राइभेट फर्मको अवधि र नवीकरणः</u>** (१) यस ऐन बमोजिम दर्ता भएका प्राइभेट फर्मको अवधि पाँच वर्षको हुनेछ र अवधि सकिए पछि नवीकरण गराउनु पर्नेछ। नवीकरणको अवधि दुई वर्षको हुनेछ र दुई वर्षपछि पुनः नवीकरण गराउनु पर्नेछ।

(२) प्राइभेट फर्म नवीकरण गराउन चाहने प्राइभेट फर्मको धनीले देहायका कागजात संलग्न गरी दर्ता गर्ने निकायमा दरखास्त दिनु पर्नेछः-

(क) आयकर (स्थायी लेखा नम्बर) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) अघिल्लो आर्थिक वर्षको कर तिरेको निस्सा र

(ग) बीस लाख रूपैयाँ वा सो भन्दा बढी पुँजी भएको प्राईभेट फर्मको हकमा लेखापरीक्षण सम्बन्धी प्रतिवेदन।

(३) यस ऐन बमोजिम दर्ता भएका प्राइभेट फर्मले नवीकरण गराउँदा अनुसूची- ४ बमोजिमको दस्तुर लाग्नेछ।

(४) यो ऐन जारी हुनुभन्दा अघि प्रचलित कानून बमोजिम दर्ता भएका तर एक वर्ष भित्र नवीकरण हुन नसकेका प्राइभेट फर्मले नवीकरण गर्न चाहेमा दर्ता गर्ने निकायले अनुसूची- ४ बमोजिमको दस्तुर र जरिबाना लिई नवीकरण गरी दिन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

६.	**<u>विवरणमा हेरफेर गर्नु परेमा स्वीकृति लिनु पर्नेः</u>** (१) दफा ४ को उपदफा (१) बमोजिम दर्ता गर्ने निकाय समक्ष दिएको विवरणमा कुनै हेरफेर गर्नु परेमा सम्बन्धित प्राइभेट फर्मले दर्ता गर्ने निकाय समक्ष दरखास्त दिनु पर्नेछ र दर्ता गर्ने निकायबाट स्वीकृति प्राप्त भएपछि मात्र फर्मले विवरण हेरफेर गर्न सक्नेछ।

(२) प्राइभेट फर्मको प्रोप्राइटरको नाम परिवर्तन गर्न परेमा दर्ता गर्ने निकाय समक्ष नाम परिवर्तन गर्नु पर्नाको कारण सहित दरखास्त दिनु पर्नेछ र दर्ता गर्ने निकायबाट आवश्यक छानबिन गरी प्रोप्राइटरको नाम परिवर्तनका लागि स्वीकृति दिन सक्नेछ।

(३) प्राइभेट फर्मको नाम परिवर्तन गर्नु परेमा दर्ता गर्ने निकाय समक्ष नाम परिवर्तन गर्नु पर्नाको कारण सहित दरखास्त दिनु पर्नेछ र दर्ता गर्ने निकायबाट आवश्यक छानबिन गरी नाम परिवर्तनका लागि स्वीकृति दिन सक्नेछ।

(४) प्राइभेट फर्मले कारोबारको ठाउँसारी गर्न चाहेमा दर्ता गर्ने निकाय समक्ष ठाउँसारी गर्नु पर्नाको कारण सहित दरखास्त दिनु पर्नेछ र दर्ता गर्ने निकायबाट आवश्यक छानबिन गरी ठाउँसारीको लागि स्वीकृति दिन सक्नेछ।

७.	**<u>मान्यता नदिइनेः</u>** यस ऐन प्रारम्भ भएपछि दफा ३ को उपदफा (२) र (३) बमोजिम अभिलेखीकरण नभएका प्राइभेट फर्मको नामबाट गरेको कुनै पनि लेनदेन वा अरु कारोबारलाई मान्यता दिइने छैन।

८.	**<u>विवरण माग गर्न सक्नेः</u>** (१) यस ऐन बमोजिम दर्ता भएको कुनै प्राइभेट फर्मसँग दर्ता गर्ने निकायले त्यस्तो प्राइभेट फर्मको कारोबारको विवरण लगायत अन्य विवरण अवधि तोकी माग गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपदफा (१) बमोजिम दर्ता गर्ने निकायले माग गरेको अवधि भित्र प्राइभेट फर्मले विवरण पेश गर्नु पर्नेछ।

९. **<u>प्राइभेट फर्म खारेज गर्न सकिने</u>:** (१) देहायको अवस्थामा दर्ता गर्ने निकायले प्राइभेट फर्म खारेज गर्न सक्नेछः-

(क) म्याद समाप्त भएको पाँच वर्षसम्म नवीकरण नगराएमा,

(ख) मनासिब कारण देखाई आफ्नो प्राइभेट फर्म खारेज गरी पाउँ भनी प्राइभेट फर्म धनीले दर्ता गर्ने निकायमा निवेदन दिएमा,

(ग) दफा ४ को उपदफा (३) को विपरीत हुने गरी कुनै कुरा ढाँटी प्राइभेट फर्म दर्ता गरेको ठहरिएमा,

(घ) दर्ता गर्ने निकायले दफा ८ बमोजिमको विवरण माग गर्दा सम्बन्धित प्राइभेट फर्मले तोकिएको अवधिभित्र सो विवरण पेश नगरेमा,

(ङ) प्रचलित कानून बमोजिम दर्ता गर्ने निकायलाई जानकारी नदिई व्यापार व्यवसाय बन्द गरेमा,

(च) यो ऐन तथा प्रचलित कानून बमोजिम अनुमति लिनुपर्ने व्यापार व्यवसायले अनुमतिमा उल्लेख भए बमोजिमका शर्तहरु पालना नगरेमा वा

(छ) प्राइभेट फर्मले यो ऐन वा यो ऐन अन्तर्गत जारी हुने नियमहरुको विपरीत हुने गरी कुनै कार्य गरेमा।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, लुम्बिनी प्रदेश

(२) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ), (च) वा (छ) बमोजिम प्राइभेट फर्मको दर्ता खारेज गर्नु अघि सम्बन्धित प्राइभेट फर्मलाई सफाइको सबुद पेश गर्ने अवसर दिनु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ), (च) वा (छ) बमोजिम प्राइभेट फर्म खारेज भएमा त्यसरी खारेज भएको फर्म धनीको नाममा एक वर्षसम्म सोही उद्देश्य भएको अर्को प्राइभेट फर्म दर्ता गरिने छैन।

(४) उपदफा (१) को खण्ड (क) बमोजिम प्राइभेट फर्मको दर्ता खारेज गर्नु अघि सम्बन्धित प्राइभेट फर्मलाई सफाइको सबुद पेश गर्ने अवसर दिंदा उक्त प्राईभेट फर्मले मनासिब माफिकको प्रमाण पेश गरी नवीकरण हुन चाहेमा अनसूची- ४ बमोजिमको दस्तुर र ✂... जरिबाना लिई दर्ता गर्ने निकायले फर्मको नवीकरण गरिदिन सक्नेछ।

(५) उपदफा (१) को खण्ड (ख) बमोजिम प्राइभेट फर्म खारेज गरी पाउँ भनी कुनै प्राइभेट फर्मको धनीले मनासिब कारण दर्शाई निवेदन दिएमा दर्ता गर्ने निकायले निजलाई अघिल्लो आर्थिक वर्षसम्मको कर तिरेको प्रमाण पेश गर्न लगाई त्यस्तो प्राइभेट फर्मले तिर्न बुझाउन बाँकी रहेको यस ऐन बमोजिम लाग्ने नवीकरण दस्तुर तथा जरिबाना समेत निजबाट असुल गरी प्राइभेट फर्म खारेज गर्नु पर्नेछ।

## ♦परिच्छेद- २क.

## कम्पनी सम्बन्धी व्यवस्था

९क. **व्यवसाय गर्न अनुमति लिनु पर्नेः** (१) कुनै व्यवसाय गर्ने उद्देश्य लिई संस्थापित कम्पनीले प्रचलित कानून बमोजिम नियमन गर्ने निकायबाट दर्ता अनुमति लिएर मात्र व्यवसाय सञ्चालन गर्नु पर्नेछ।

---

✂ प्रदेश आर्थिक ऐन, २०८१ द्वारा झिकिएको।

♦ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा थप।

(२) उपदफा (१) बमोजिम दर्ता अनुमतिको लागि अनुसूची-२ बमोजिमको दर्ता दस्तुर संलग्न गरी तोकिए बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(३) दर्ता गर्ने निकायले आवश्यक जाँचबुझ गरी निवेदकले कागजात पेस गरेको बढीमा पन्ध्र दिनभित्र तोकिए बमोजिमको ढाँचामा दर्ता अनुमतिपत्रको प्रमाणपत्र दिनु पर्नेछ।

९ख. **<u>अनुमतिपत्रको अवधि र नवीकरणः</u>** (१) यस दफा बमोजिम दर्ता भएका कम्पनीको व्यावसायिक अनुमतिपत्रको सुरु अवधि पाँच वर्षको हुनेछ र सो अवधि पूरा भए पश्चात नवीकरण गराउनु पर्नेछ। यसपछि नवीकरणको अवधि पाँच वर्षको हुनेछ।

(२) उपदफा (१) बमोजिम नवीकरण गराउँदा लाग्ने दस्तुर र जरीबाना अनुसूची- ४ मा उल्लेख भए बमोजिम हुनेछ।

(३) यस दफा बमोजिम नवीकरण गराउन चाहने कम्पनीले देहायका कागजात संलग्न गरी दर्ता गर्ने निकायमा दरखास्त दिनु पर्नेछः-

(क) कर चुक्ताको प्रमाणपत्र,

(ख) तीस लाखभन्दा बढी अधिकृत पुँजी भएमा लेखापरीक्षण प्रतिवेदन,

(ग) कम्पनीको अद्यावधिक विवरण,

(घ) निकासी पैठारी गर्ने भए Exim Code,

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुनुअघि व्यापार व्यवसाय गर्ने गरी सञ्चालनमा रहेका कम्पनीले यो दफा प्रारम्भ भएको एक वर्षभित्र वा कम्पनी अध्यावधिक गराउनु पूर्व जुन समय अघि आउँछ सोहीलाई आधार

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

मानी अनुसूची- २ बमोजिमको दस्तुर तिरी यो ऐन बमोजिमको दर्ता अनुमतिपत्र लिनु पर्नेछ।

(५) यस परिच्छेद बमोजिम दर्ता एवं नवीकरण नगरी व्यापार व्यवसाय सञ्चालन गर्ने कम्पनीलाई दर्ता गर्ने निकायले कुनैपनि किसिमको सुविधा एवं अध्यावधिक विवरण उपलब्ध गराउने छैन।

## परिच्छेद- ३

## साझेदारी फर्म सम्बन्धी व्यवस्था

**१०. दर्ता गराउनु पर्नेः** (१) दुई वा दुईभन्दा बढी साझेदारले एक आपसमा कबुलियत गरी साझेदारी फर्म खडा गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम साझेदारी फर्म खडा भएपछि यो ऐन बमोजिम दर्ता गर्ने निकायमा दर्ता गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम साझेदारी फर्म दर्ता नभएसम्म साझेदारीले वा सो साझेदारीका निमित्त गरेको कुनै काम वा कारोबारलाई यस ऐन बमोजिम मान्यता दिइने छैन।

(४) यो ऐन प्रारम्भ हुनुभन्दा अघि यस प्रदेश भित्र प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका साझेदारी फर्म यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ।

तर त्यस्तो साझेदारी फर्मले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र दर्ता गर्ने निकायमा निःशुल्क अभिलेखीकरण गर्नु पर्नेछ।

(५) अन्य प्रदेशमा दर्ता भएका साझेदारी फर्मले यस प्रदेशमा कारोबार गर्नको लागि यस प्रदेशमा निःशुल्क अभिलेखीकरण गर्नु पर्नेछ।

(६) यो ऐन प्रारम्भ भएपछि उपदफा (४) र (५) बमोजिम अभिलेखीकरण नभएका फर्मको नामबाट गरेको कुनै पनि लेनदेन वा अरु कारोबारलाई मान्यता दिइने छैन।

११. **<u>सगोलको कारोबारलाई साझेदारी मानिने</u>**: एकाघर सगोलका अंशियारहरुले कबुलियत गरी साझेदारीमा कारोबार चलाएका रहेछन् भने त्यस्तो सगोलको कारोबारलाई पनि यो ऐन बमोजिम साझेदारी फर्म मानिनेछ।

१२. **<u>दरखास्तमा खुलाउनु पर्ने विवरण र दस्तुर</u>**: (१) साझेदारी फर्म दर्ता गराउन तोकिए बमोजिमको दस्तुर र साझेदारहरुले आपसमा गरेको कबुलियतको एक प्रति समेत राखी देहायको विवरण समेत खुलाई दर्ता गर्ने निकायमा दरखास्त दिनुपर्नेछः-

(क) फर्मको पूरा नाम,

(ख) फर्मको कारोबार गर्ने मुख्य ठेगाना,

(ग) फर्मको उद्देश्य र त्यसले कारोबार गर्ने वस्तु तथा सेवाको विवरण,

(घ) साझेदारको पूरा नाम, थर र स्थायी ठेगाना,

(ङ) सबै साझेदारको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(च) कुनै साझेदारको अधिकार उपर बन्देज लगाएको भए सो कुरा,

(छ) साझेदारको किसिम र प्रत्येक साझेदारले लगानी गरेको पुँजी,

(ज) फर्मको प्रतिनिधित्व गर्ने साझेदार वा साझेदारहरुको नाम,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(झ) मुनाफा निश्चित गर्ने तरिका,

(ञ) नाफा नोक्सान भागबन्डा लगाउने तरिका,

(ट) तोकिए बमोजिमका अन्य विवरणहरु।

(२) उपदफा (१) बमोजिम दरखास्त दर्ता भएपछि दर्ता गर्ने निकायले छानबिन गर्दा यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको प्रक्रिया पूरा गरेको देखिएमा अनुसूची- २ बमोजिमको दस्तुर लिई साझेदारी फर्म दर्ता गरी अनुसूची- ३ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

(३) उद्योग सम्बन्धी दर्ता हुने साझेदारी फर्मको प्रमाणपत्र जारी गर्दा प्रचलित प्रदेश औद्योगिक व्यवसाय ऐन बमोजिम उद्योगको स्तर, किसिम र उद्योग स्थापना हुने जग्गाको कित्ता नम्बर समेत खुलाउनु पर्नेछ।

१३. **<u>साझेदारी फर्मको नाम</u>**: पहिले दर्ता भइसकेका अरु फर्मको नाम र प्रचलित कम्पनी ऐन अन्तर्गत दर्ता भै राखेको लिमिटेड कम्पनीको नाम मिल्ने गरी साझेदारी फर्मको नाम राखी दर्ता हुने छैन।

१४. **<u>विवरण हेरफेर गर्नु परेमा स्वीकृति लिनु पर्ने</u>**: (१) साझेदारी फर्म दर्ता गर्दा दफा १२ बमोजिम पेश गरेको दरखास्त र कबुलियतको विवरणमा कुनै हेरफेर गर्नु परेमा सो कुरा जनाई दर्ता गर्ने निकायमा दरखास्त दिनु पर्नेछ र दर्ता गर्ने निकायबाट स्वीकृति प्राप्त भएपछि मात्र सो विवरण हेरफेर गर्न सकिनेछ।

(२) साझेदारी फर्मले आफ्नो फर्मको नाम परिवर्तन गर्न चाहेमा दर्ता गर्ने निकाय समक्ष दरखास्त दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दरखास्त जाँचबुझ गरी दर्ता गर्ने निकायले नाम परिवर्तनका लागि स्वीकृति दिन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(४) साझेदारी फर्मले कारोबार स्थलको ठाउँ सारी गर्न चाहेमा दर्ता गर्ने निकाय समक्ष दरखास्त दिनु पर्नेछ र दर्ता गर्ने निकायले आवश्यक जाँचबुझ गरी स्वीकृति दिन सक्नेछ।

**१५.** **<u>नवीकरण गर्नुपर्नेः</u>** (१) यस ऐन बमोजिम दर्ता भएका साझेदारी फर्मको अवधि एक वर्षको हुनेछ र प्रत्येक वर्ष अवधि सकिएको पैंतीस दिनभित्र अनुसूची- ५ बमोजिमको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ।

(२) ◈साझेदारी फर्म नवीकरण गराउन चाहने साझेदारी फर्मको धनीले देहायका कागजात संलग्न गरी दर्ता गर्ने निकायमा दरखास्त दिनु पर्नेछः-

(क) आयकर (स्थायी लेखा नम्बर) दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) अघिल्लो आर्थिक वर्षको कर तिरेको निस्सा,

(ग) बीसलाख रूपैयाँ वा सो भन्दा बढी पुँजी भएको फर्मको हकमा लेखापरीक्षण सम्बन्धी प्रतिवेदन,

(घ) दर्ता गर्ने निकायले माग गरेको अन्य कागजात।

✦(३) यदि कुनै साझेदारी फर्मले काबु बाहिरको परिस्थिति सृजना भई पैंतीस दिनभित्र फर्मको नवीकरण गर्न नसकेमा दर्ता गर्ने निकायले अनुसूची- ५ बमोजिमको दस्तुर लिई नवीकरण गरिदिन सक्नेछ।

⁂ (४) ....

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

---

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

✦ प्रदेश आर्थिक ऐन, २०७९ द्वारा संशोधित।

⁂ प्रदेश आर्थिक ऐन, २०८० द्वारा हटाइएको ।

१६. **<u>विवरण माग गर्न सक्ने</u>**: (१) यस ऐन अन्तर्गत दर्ता भएको कुनै साझेदारी फर्मसँग दर्ता गर्ने निकायले त्यस्तो साझेदारी फर्मको कारोबारको विवरण अवधि तोकी माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम माग गरिएको विवरण तोकिएको अवधिभित्र साझेदारी फर्मले पेश गर्नु पर्नेछ।

१७. **<u>साझेदारी फर्म खारेज गर्न सक्ने</u>**: (१) देहायको अवस्थामा यस ऐन बमोजिम दर्ता भएको साझेदारी फर्म दर्ता गर्ने निकायले खारेज गर्न सक्नेछः-

(क) *<u>नवीकरण गर्ने अवधि समाप्त भएको लगातार पाँच वर्षसम्म पनि नवीकरण नगराएमा,</u>

(ख) साझेदारहरुले मनासिब कारण दर्शाई साझेदारी फर्म खारेज गरी पाऊँ भनी दर्ता गर्ने निकायमा निवेदन दिएमा,

(ग) दर्ता गर्ने निकायले दफा १६ बमोजिमको विवरण माग गर्दा सम्बन्धित साझेदारी फर्मले तोकिएको अवधिभित्र सो विवरण पेश नगरेमा,

(घ) साझेदारी फर्मले कार्य सञ्चालन गरी दर्ता गर्ने निकायलाई जानकारी दिई वा नदिई उद्योग वा व्यापार व्यवसाय बन्द गरेमा,

(ङ) यो ऐन तथा प्रचलित कानून बमोजिम अनुमति लिनु पर्ने व्यापार व्यवसायले अनुमति पत्रमा तोकिएको शर्त पालना नगरेमा वा

(च) साझेदारी फर्मले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको विपरीत कुनै काम गरेमा।

* प्रदेश आर्थिक ऐन, २०८० द्वारा संशोधित।

(२) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ) वा (च) बमोजिम दर्ता गर्ने निकायले साझेदारी फर्मको दर्ता खारेज गर्नु अघि सम्बन्धित साझेदारी फर्मलाई सफाइको सबुद पेश गर्ने उचित अवसर दिनु पर्नेछ।

(३) उपदफा (१) को खण्ड (क), (ग), (घ), (ङ) वा (च) दर्ता गर्ने निकायबाट साझेदारी फर्म खारेज भएमा त्यसरी खारेज भएको साझेदारी फर्मका साझेदारहरुको नाममा एक वर्षसम्म सोही उद्देश्य भएको अर्को साझेदारी फर्म दर्ता गरिने छैन।

१८. **<u>साझेदारको हक र दायित्वः</u>** (१) साझेदारको आपसमा भएको कबुलियतद्वारा साझेदारीमा हक र दायित्व कायम हुनेछ। यस्तो कबुलियतनामा लिखित रूपमा हुनु पर्नेछ।

(२) साझेदार फर्मको जायजेथा देहाय बमोजिम हुनेछः-

(क) साझा कारोबार शुरु हुँदा त्यसको लागि जम्मा गरिएको सबै जायजेथा,

(ख) साझेदारीको वा त्यसको निमित्त वा त्यसको प्रयोजनमा प्राप्त गरेको जायजेथा,

(ग) साझेदारले कारोबार गरी कमाएको धन,

(घ) साझेदारीमा चलाएको कारोबारवाट प्राप्त हुन आएको ख्याति।

(३) कुनै अन्य उद्देश्य देखिएकोमा बाहेक साझेदारी फर्मको लगानी गरी प्राप्त गरेको सबै सम्पत्ति र हक साझेदारी फर्मको निमित्त प्राप्त गरेको मानिनेछ।

(४) साझेदारी कारोबारको प्रयोगमा बाहेक साझेदारीको सम्पति साझेदारहरुले अन्य काममा लगाउन दिन हुँदैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(५) कुनै साझेदारले माग गरे पनि साझेदारी कबुलियतमा तोकेको अंक भन्दा बढी पुँजी थप्न कुनै साझेदार बाध्य हुनेछैन।

(६) साझेदार कसैले पनि अन्य साझेदारको मञ्जुरी बेगर अरु कुनै व्यक्तिलाई आफ्नो सट्टामा साझेदार गराउन र राख्न पाउने छैन।

(७) कुनै साझेदारले आफ्नो भागको बुझाउनु पर्ने पुँजी साझेदारी फर्मलाई नबुझाएसम्म निजले पाउनुपर्ने मुनाफा पाउनेछैन।

(८) आफू साझेदार छँदा साझेदारी फर्मको निमित्त गरिएका सबै काम उपर संयुक्त वा व्यक्तिगत रूपमा प्रत्येक साझेदार जवाफदेही हुनेछ।

१९. **<u>साझेदारले काममा भाग लिन पाउने</u>:** (१) कबुलियतमा भाग लिन पाउने भनी उल्लेख भएको साझेदारले बाहेक अन्य साझेदारले विरोध नगरेसम्म प्रत्येक साझेदारले साझा कारोबारको बन्दोबस्तमा भाग लिन पाउँछ।

तर सबै साझेदारको मञ्जुरी बेगर साझा कारोबारसँग सम्बन्ध नभएको अरु काम साझेदारीको नामबाट गर्न भने हुँदैन।

(२) साझेदारको सबै वा कुनै काममा सबै साझेदारले वा सो मध्ये कुनै दुई वा दुईभन्दा बढी साझेदारहरुले संयुक्त रूपमा गर्ने कबुलियत भएकोमा कुनै मनासिब माफिकको कारणले कबुलियत बमोजिम यस्ता सबै साझेदारहरुले सो काम गर्न नभ्याउने भएमा निजहरुले आफूमध्ये कसैलाई सो काम गर्न कबुलियत गरेर अधिकार दिन सक्नेछन्।

२०. **<u>श्रेस्ता हेर्न र नक्कल लिन पाउने</u>:** हरेक साझेदारले साझेदारीको हिसाब किताब लगायतको श्रेस्ता हेर्न चाहेमा हेर्न पाउनेछन् र

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

नक्कल लिन चाहेमा सो श्रेस्ता जिम्मा लिने साझेदारले सक्कल बमोजिमको नक्कल उतार गरी दिनु पर्नेछ।

२१. **पारिश्रमिक र ब्याजः** साझा कामको बन्दोबस्त गरे बापतको पारिश्रमिक कबुलियतद्वारा तोकिए बमोजिम हरेक साझेदारले पाउनेछन् र निजले कबुल गरेभन्दा बढी पुँजी लगाएको भए दश प्रतिशतमा नबढाई लिखत बमोजिमको ब्याज पनि पाउँनेछ।

२२. **मुनाफा वा हर्जाना साझेदारी फर्मको हुनेः** (१) साझेदारी फर्मको कुनै कारोबारको सिलसिलामा वा साझेदारी फर्मको सम्पतिको उपयोग गरी वा साझेदारीको कारोबारको सम्बन्धबाट वा साझेदारी फर्मको नाममा कुनै साझेदारले नाफा प्राप्त गरेमा सो नाफा र त्यसको हिसाब समेत साझेदारी फर्मको हुनेछ।

(२) कुनै साझेदारले जानीजानी लापरवाही गरी हानि नोक्सानी गरेमा सोको हर्जाना बापतको रकम साझेदारी फर्मले असुल गर्न सक्नेछ र हानि नोक्सानी गर्ने साझेदारले पनि सो अनुसार तिर्नु बुझाउनु पर्नेछ।

तर यसरी असुल गर्नु अघि निजलाई सफाइको मौका दिनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम कुनै साझेदारले तिरे बुझाएमा सो रकम साझेदारी फर्मको सो आर्थिक वर्षको नाफा नोक्सानको हिसाब श्रेस्तामा स्पष्ट देखाउनु पर्नेछ।

२३. **नाफा नोक्सानको बाँडफाँटः** (१) साझेदारहरुमा नाफा नोक्सानको हिसाब गरी बाँडफाँट गर्दा कबुलियतमा व्यवस्था भएकोमा सोही बमोजिम र नभएकोमा दामासाहीले भागबण्डा लाग्नेछ।

(२) कुनै साझेदारले साझेदारी खडा गर्दा लगाएको पुँजीमा ब्याज लिने दिने गरी कबुलियत गरेको भए सो ब्याज मुनाफाबाट मात्र तिर्नु पर्नेछ।

(३) कुनै साझेदारले आफ्नो भागको बुझाउन पर्ने पुँजी फर्मलाई तिरी बुझाई सकेको रहेनछ भने सो बुझाउन पर्ने बाँकी अंक चुक्ता भर्ना नभएसम्म निजले पाउन पर्ने मुनाफा पाउन सक्नेछैन।

२४. **साझेदारले गरेको कारबाहीमा साझेदारी फर्म बाध्य हुने**: साझेदारी फर्मले कबुलियतद्वारा साझेदारीको प्रतिनिधित्व गर्ने विषयमा बन्देज लगाउन सक्नेछ। यस्तो बन्देजी कबुलियतमा जेसुकै लेखिएको भए तापनि साझेदारी फर्मसँग कारोबार गर्ने उनाउ व्यक्तिलाई सो बन्देजको जानकारी रहेनछ भने हरेक साझेदारले साझेदार फर्मको निमित्त गरेको कारबाहीको लागि साझेदारी फर्म बाध्य हुनेछ।

२५. **नयाँ साझेदार जवाफदेही नहुने**: आफू साझेदार हुनुभन्दा अघि भए गरेको साझेदारी कामको हकमा नयाँ प्रवेश हुने साझेदार जवाफदेही हुने छैन।

२६. **साझेदारले आफ्नो हक बिक्री गर्ने**: कुनै साझेदारले साझेदारी फर्ममा रहेको आफ्नो सबै हक अरु कसैलाई बिक्री गरी वा अरु कुनै प्रकारले दिएमा सो साझेदारले सो अवधिभित्र साझेदारी कारोबारबाट पाउने मुनाफा वा अन्य कुनै रकममा सो व्यक्तिले दाबी गर्न सक्नेछ।

तर,

(क) त्यस्तो व्यक्ति सो साझेदारी फर्मको साझेदार मानिने छैन र

(ख) सबै साझेदारहरुको मञ्जुरी बेगर निजलाई सो फर्मको हिसाब किताब जाँच्ने अधिकार हुनेछैन।

**२७.** **<u>साझेदारी विघटन हुने</u>:** (१) सबै साझेदारका मञ्जूरीले वा निजहरुका बीचमा भएका कबुलियत बमोजिम साझेदारी विघटन हुन सक्नेछ।

(२) साझेदारहरुमा आपसमा भएका कबुलियतको अधीनमा रही कुनै साझेदारी सीमित कालको लागि खडा भएकोमा सो अवधि नाघेपछि वा कुनै एक वा एकभन्दा बढी कामको निमित्त खडा भएकोमा सो काम पूरा भएपछि साझेदारी स्वतः विघटन हुनेछ।

**२८.** **<u>साझेदारीबाट अलग हुन सक्ने</u>:** (१) साझेदारहरुमा जुनसुकै व्यहोराको कबुलियतनामा भएको भए तापनि कुनै साझेदारले विशेष कारणबश र खासगरी देहायका परिस्थितिमा साझेदारीबाट अलग गराउन/हुन सकिनेछः-

(क) कुनै साझेदार आफूले गरेको कबुलियत बमोजिमको साझेदारी कार्यभार सम्हाल्न असमर्थ भएमा वा

(ख) कुनै साझेदारले फर्मलाई तिर्न बुझाउन पर्ने रकम नतिरेमा वा आफूले साझेदारीको हिस्सा अन्य साझेदारको मञ्जुरी बेगर कसैलाई हक छोडी दिएमा वा

(ग) कुनै साझेदारको हक अदालतबाट भरी भराउमा परेमा वा

(घ) कुनै साझेदारले फर्मको काम कारबाहीमा जालसाज वा लापरबाही गरी साझेदारी फर्मलाई हानि नोक्सानी गरेमा वा

(ङ) कुनै साझेदारले कैदको सजाय पाएमा वा

(च) कुनै साझेदारको मृत्यु भएमा वा

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(छ) कुनै साझेदारले साहुको ऋण तिर्न नसक्ने भई दामासाहीमा परेमा।

(२) जुनसुकै समयमा जुनसुकै साझेदारले अरु साझेदारहरुलाई लिखित सूचना दिई साझेदारहरुको सहमतिमा साझेदारीबाट अलग हुन सक्नेछ।

(३) साझेदारीबाट अलग हुने साझेदार, साझेदारी फर्मको अघिको काममा उनाउ व्यक्ति प्रतिको जवाफदेहीबाट सो उनाउ व्यक्तिसँगको कबुलियतद्वारा र साझेदारी कायम रहेका बाँकी साझेदारहरुको मञ्जुरीले मात्र अलग हुन सक्नेछ।

(४) कुनै साझेदार साझेदारीबाट अलग भई सकेपछि अरु साझेदारले साझेदारी फर्मको नामबाट भए गरेका काम प्रति निज जवाफदेही हुने छैन।

२९. **<u>उनाउ व्यक्ति प्रतिको दायित्व पूरा गर्नु पर्ने</u>**: साझेदारी विघटन भएको प्रचार प्रसार नगरिएको वा त्यस्ता विघटनको जानकारी साझेदारी फर्मसँग सम्बन्धित उनाउ व्यक्तिलाई नभएमा साझेदारी विघटन भएपनि साझेदारी फर्मको नाममा गरेको काम कारबाहीबाट उनाउ व्यक्ति प्रतिको दायित्व सबै साझेदारले पूरा गर्नुपर्नेछ।

तर मृत्यु भएका वा दामासाहीमा परेका साझेदारको जेथाबाट निज मृत्यु भएको वा दामासाहीमा परेका मितिपछिको काम कारबाही वापत तिर्नु पर्ने छैन।

३०. **<u>वारेस तोक्न सक्ने</u>**: यो ऐनको अधीनमा रही साझेदारले आफू वा आफ्नो वारेसद्वारा साझेदारी सम्बन्धी कारोबारको लागि वारेस तोक्न सक्नेछ।

३१. **<u>विघटन भएपछि पनि कायम रहने</u>**: साझेदारी फर्मको विघटनको काम टुँग्याउनलाई चाहिने काम कारबाही र विघटन हुनु पहिले

शुरु गरेको अपूरो काम पूरा गर्नलाई साझेदारी विघटन भैसकेपछि पनि साझेदारी फर्मलाई बाध्य गर्न र साझेदारहरुको आपसको हक दायित्व निश्चित गर्ने अधिकार साबिक बमोजिम कायम रहनेछ।

३२. **साझेदारी फर्मको हिसाब फछ्र्यौट गर्ने**: साझेदारहरुको बिचमा भएको कबुलियत र यस ऐनको अधीनमा रही विघटन भएका साझेदारी फर्मको हिसाब फछ्र्यौट गर्दा देहाय बमोजिम गर्नुपर्नेछः

(क) फर्मको हितमा बाधा नपर्ने गरी साझेदारी फर्मको जायजेथाको नगदमा परिणत गर्ने,

(ख) पुँजी घटेको समेतको नोक्सानी सबभन्दा पहिले मुनाफाबाट र त्यसबाट नपुगे पुँजीबाट र त्यसवाट पनि नपुगे प्रत्येक साझेदारको घर घरानावाट असुल उपर गर्नु पर्नेछ,

(ग) दायित्व फछ्र्यौट गर्न देहायका क्रम र तरिकाबाट गर्नु पर्नेछः-

(१) साझेदारी फर्मले उनाउ व्यक्तिहरुलाई तिर्नुपर्ने ऋण,

(२) पुँजी बाहेकको साझेदारले दिएका थप कर्जाको दामासाहीले,

(३) साझेदारले बुझाएका पुँजीको दामासाही र

(४) शेष बाँकी जेथाबाट साझेदारहरुको भाग हिस्सा बमोजिम मुनाफा बाँड्नमा।

३३. **जायजेथा भाग नलाग्ने**: साझेदारका बीचमा कबुलियत भएको भए तापनि साझेदारी फर्मको ऋण भुक्तान नगरी साझेदारमा भागबण्डा गर्न पाइने छैन।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

३४. **<u>लिक्विडेटर नियुक्ति गर्ने</u>**: (१) साझेदारी फर्मको हिसाब किताब फछ्र्यौट गर्न अनावश्यक ढिलो भयो भन्ने सबुद प्रमाण सहित कुनै साझेदारले उजुर गरेमा दर्ता गर्ने निकायले साझेदारी फर्म विघटन गर्ने कार्य गर्न तोकिए बमोजिम लिक्विडेटर नियुक्त गर्न सक्नेछ। लिक्विडेटरले साझेदारी कबुलियत र यस ऐन बमोजिम विघटनको कार्य र हिसाब किताबको फछ्र्यौट गर्नु पर्नेछ।

(२) लिक्विडेशन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद- ४

## <u>व्यापार व्यवसाय नियमन सम्बन्धी व्यवस्था</u>

३५. **<u>उपभोक्ता अधिकार</u>**: (१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु वा सेवा प्राप्त गर्ने अधिकार हुनेछ।

(२) उपदफा (१) को सर्वमान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी उपभोक्ताको हक, हित र सरोकार संरक्षण गर्ने प्रयोजनको लागि प्रत्येक उपभोक्तालाई देहायको अधिकार हुनेछः-

(क) वस्तु वा सेवामा सहज पहुँचको अधिकार,

(ख) स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय वस्तु वा सेवाको छनौट गर्न पाउने अधिकार,

(ग) वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता, गुणस्तर आदि बारे सूचित हुने अधिकार,

(घ) दुई वा दुई भन्दा बढी पदार्थको समिश्रणबाट बनेको वा उत्पादित वस्तुमा रहेका त्यस्ता पदार्थको मात्रा, तत्व वा प्रतिशतको सम्बन्धमा उत्पादक वा बिक्रेताबाट जानकारी पाउने अधिकार,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ङ) मानव जीउ, ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षित हुन पाउने अधिकार,

(च) वस्तु वा सेवाको प्रयोगवाट भएको हानि, नोक्सानी विरुद्ध क्षतिपूर्ति पाउने अधिकार,

(छ) उपभोक्ताको हक, हितको संरक्षणका सम्बन्धमा अधिकार प्राप्त अधिकारी वा निकायवाट उपचार पाउने वा सुनुवाई हुने अधिकार।

३६. **वस्तु वा सेवाको नियमनः** (१) प्रदेश सरकारले उपभोक्ताको अधिकारको संरक्षण गर्न नियमित रूपमा वस्तु वा सेवाको आपूर्ति मूल्य, गुणस्तर, लेवल, नापतौल, विज्ञापन आदिको नियमन गर्नेछ।

(२) उपदफा (१) बमोजिम नियमन गर्दा मन्त्रालयले देहायको काम गर्नेछः-

(क) वस्तु वा सेवाको गुणस्तर, मूल्य, निर्धारण र आपूर्ति व्यवस्था सम्बन्धी नीति कार्यान्वयन गर्ने,

(ख) उपभोक्ताको हक, हितमा प्रतिकूल असर पर्ने गरी वा पर्न सक्ने गरी गरिएको एकाधिकार वा अनुचित व्यापारिक क्रियाकलापको रोकथाम र नियन्त्रण गर्ने वा त्यस सम्बन्धमा कार्ययोजना बनाई कार्यान्वयन गर्ने,

(ग) प्रदेशभित्र खपत हुने वस्तु वा सेवाको माग र आपूर्ति स्थितिको निरन्तर विश्लेषण तथा समीक्षा गरी स्वच्छ बजार कायम गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(घ) वस्तु वा सेवाका, विक्रेता वा वितरकले अवाञ्छित तरिकाले गरेको मूल्य निर्धारण वा वृद्धिलाई रोक्न र नियन्त्रण गर्न आवश्यक व्यवस्था गर्ने,

(ङ) उपभोक्तालाई उचित मूल्य र सहज रूपमा खाद्य तथा अन्य वस्तुको आपूर्ति सुनिश्चित गर्न प्रदेश सरकारको आंशिक वा पूर्ण स्वामित्व भएका संस्था वा निजी फर्म वा कम्पनी मार्फत आपूर्तिको व्यवस्था सहज गर्ने,

(च) कुनै विशेष परिस्थितिमा वा कुनै ठाँउ विशेषमा तोकिएको अवधिका लागि वस्तुको अधिकतम मौज्दातको परिमाण तोक्ने,

(छ) प्रदेशभित्र उत्पादित कुनै खाद्य वस्तुको अभाव भएमा त्यस्तो खाद्य वस्तुको निश्चित परिमाण निर्धारण गरी तोकिएको मूल्यमा उत्पादकबाट खाद्य वस्तु प्राप्त गर्ने र सर्वसाधारणलाई बिक्री गर्ने,

(ज) थोक तथा खुद्रा व्यवसायलाई व्यवस्थित गरी सामान्यतयाः मूल्यमा एकरुपता कायम गर्न आवश्यक व्यवस्था गर्ने,

(झ) उपभोक्ताको अधिकार संरक्षण गर्न र आपूर्ति व्यवस्थालाई नियमित गर्नको लागि कुनै वस्तु वा सेवाको कृत्रिम अभाव हुन नदिन वा सबै ठाउँमा नियमित वस्तु वितरण गर्न सम्बन्धित निकायहरुसँग समन्वय गर्ने,

(ञ) वस्तुको बिक्री वितरण प्रणालीलाई नियमित र

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

अनुपयुक्त तवरले अभाव सृजना गर्ने काम नियन्त्रण गर्ने।

(३) उपभोक्ताको अधिकार संरक्षण, आपूर्ति व्यवस्था नियमित र वस्तु तथा सेवाको मूल्य एवं गुणस्तर नियन्त्रण गर्न प्रदेश सरकारले समय समयमा आवश्यक नीतिगत र संस्थागत व्यवस्था गर्नेछ।

३७. **लेबल लगाउनु पर्ने**: (१) उत्पादकले आफूले उत्पादन गरेको वस्तुमा लेबल लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको लेबलमा देहायका कुराहरु उल्लेख गर्नु पर्नेछः-

(क) उत्पादनको नाम, ठेगाना र उद्योगको दर्ता नम्बर,

(ख) खाद्य पदार्थ, औषधि र सौन्दर्य सामाग्री जस्ता वस्तुमा त्यस्ता वस्तुको मिश्रण, मिश्रणका तत्व, परिमाण र तौल,

(ग) गुणस्तर निर्धारण भएको वस्तु भएमा त्यस्ता वस्तुको गुणस्तर,

(घ) वस्तु उपभोग गर्ने तरिका र त्यस्तो वस्तु उपभोग गरेबाट हुन सक्ने नकारात्मक प्रभाव (साइड इफेक्ट),

(ङ) निश्चित अवधिभित्र उपभोग गरिसक्नु पर्ने वस्तु भए त्यस्तो अवधि,

(च) वस्तुको बिक्री मूल्य, व्याच नम्बर र उत्पादन मिति,

(छ) इलेक्ट्रोनिक्स, हार्डवेयर, विद्युतीय वा यान्त्रिक वा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

लामो समयसम्म प्रयोगमा रहने वस्तु भए त्यस्तो वस्तुको ग्यारेण्टी वा वारेन्टी र ग्यारेन्टी र वारेन्टी मिति तथा सो वस्तुसँग सम्बन्धित कानून बमोजिम अन्य आवश्यक कुरा,

(ज) खण्ड (छ) बमोजिमका अवस्थामा कुनै त्रुटी देखिएमा त्यसको शोध भर्ना दिने वा निश्चित अवधिसम्म मर्मत गरिदिने व्यवस्था,

(झ) प्रज्वलनशील, दुर्घटनाजन्य वा सजिलैसँग टुटफुट हुन सक्ने वस्तु भए त्यस्तो वस्तुको सुरक्षाको लागि अपनाउन पर्ने पूर्व सावधानी सम्बन्धी विवरण,

(ञ) कुनै वस्तु प्रयोग गर्नुपूर्व कुनै प्रक्रिया नपुऱ्याई प्रयोग गर्दा हुन सक्ने हानि नोक्सानी,

(ट) मानव स्वास्थ्यलाई हानि पुरयाउने खालका पदार्थहरुको लेबलमा चेतनामूलक सन्देश, चित्र वा चिन्हको प्रयोग,

(ठ) तोकिए बमोजिमका अन्य कुरा।

३८. **<u>अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गर्न नहुने</u>**: (१) कसैले पनि अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गर्न वा गराउन हुँदैन।

(२) कसैले उपदफा (१) को प्रयोजनको लागि देहायको कुनै काम गरेमा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गरेको मानिनेछः-

(क) वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य नापतौल, ढाँचा वा बनावट आदि ढाँटी,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

लुकाई, छिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा बिक्री वा प्रदान गर्ने,

(ख) झुट्ठा वा भ्रमपूर्ण बिज्ञापन गरी वस्तु बिक्री गर्ने,

(ग) वस्तु वा सेवाको हकमा मौखिक लिखित वा दृश्यबाट देहायका कुनै काम गर्नेः-

(१) कमसल वस्तुलाई विशिष्ठ वा गुणस्तर भएको स्तरमान, गुणस्तर, मात्रा, श्रेणी संरचना, डिजाइन देखाई बिक्री गर्ने,

(२) पुनःनिर्मित वा पुराना वस्तुलाई नयाँ हो भनी देखाई वा झुक्याई बिक्री गर्ने,

(३) घोषित गरिएका कुनै फाइदा नहुने अवस्थामा पनि वस्तु वा सेवाको बिक्री गर्दा झुट्ठा र भ्रमपूर्ण रूपमा सूचना वा बिज्ञापन सूचना प्रचार, प्रसार गर्ने,

(४) तथ्यगत आधार बिना कुनै वस्तुको उपभोग वा प्रयोगबाट त्यस्तो वस्तुको दावी वा प्रत्याभूति गर्ने वा बिक्री गर्ने।

(घ) कुनै वस्तु वा सेवाको वास्तविक लागतको आधार भन्दा फरक आधारमा उपभोक्ता मूल्यमा भार पर्ने गरी मूल्य निर्धारण गर्ने वा कुनै प्रतियोगिता, चिट्ठा, अवसर आदिको लागत समेत समावेश गरी मूल्य तय गर्ने वा त्यस्तो मूल्यमा बिक्री गर्ने,

(ङ) कुनै वस्तु वा सेवाको मूल्यमा दान इनाम वा निःशुल्क पाइने अन्य वस्तुको मूल्य वा लागत

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

समावेश गरी मूल्य निर्धारण गर्ने वा त्यस्तो मूल्यमा त्यस्तो वस्तु वा सेवाको बिक्री गर्ने,

(च) कुनै वस्तु वा सेवामा तोकिएको गुणस्तर वा मानक भन्दा घटी हुने वा बढी हुने गरी वा त्यस्तो वस्तु वा सेवा उपभोगबाट उपभोक्तालाई हानि नोक्सानी पुर्याउने गरी त्यस्तो वस्तु उत्पादन, मिश्रण वा आपूर्ति वा ओसार पसार वासञ्चय वा बिक्री गर्ने,

(छ) कुनै वस्तुको कृत्रिम अभाव सृजना, जम्माखोरी वा बिक्री गर्ने,

(ज) त्रुटीपूर्ण उत्पादनबाट नष्ट भएको वस्तुको मूल्य वा व्यापारिक कारोबारको सिलसिलामा करार भएको वस्तुको मूल्य समेत अन्य वस्तुको लागत मूल्यमा समावेश गरी बिक्री गर्ने,

(झ) कुनै वस्तुलाई विस्थापित गर्न नक्कली वस्तु उत्पादन वा पैठारी गर्न वा त्यस्तो वस्तुको बिक्री गर्ने,

(ञ) बिक्री गरेको वस्तु वा सेवाको बिल वा बीजक जारी गर्न इन्कार गर्ने वा बिल बीजक जारी नगर्ने वा बिल बीजक जारी गर्दा थप रकम माग गर्ने,

(ट) कुनै वस्तुको उपभोग गर्दा उपभोक्तालाई हानि नोक्सानी वा क्षति पुग्ने गरी विषादी वा कुनै रसायनको प्रयोग गर्ने वा त्यसरी प्रयोग भएको वस्तु बिक्री गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ठ) उपभोग गर्नु पर्ने अवधि व्यतित भै सकेको उपभोग्य वस्तु वा उपभोग गर्न नमिल्ने वस्तुमा नयाँ लेबल लगाई त्यस्तो वस्तु बिक्री गर्ने,

(ड) उपभोग गर्न नसकिने गुणस्तरहीन वस्तु पैठारी, उत्पादन वा बिक्री गर्ने,

(ढ) व्यावसायिक सेवा प्रदायकले सेवाको मूल्य, गुणस्तर, सेवा उपलब्ध गराउने स्थान र समय उल्लेख नगरी सेवा प्रदान गर्ने,

(ण) उत्पादक, सञ्चयकर्ता वा बिक्रेता वा त्यस्ता व्यक्ति र अन्य व्यक्ति, संघ, संस्थाको मिलेमतोबाट दफा ३५ को उपदफा (१) प्रतिकूल हुने गरी बिक्री गर्ने,

(त) कुनै वस्तु वा सेवा बिक्री गर्न वा प्रदान गर्दा तोकिएको व्यापारिक तह भन्दा बढी तह वा शृङ्खला खडा गरी बिक्री वा प्रदान गर्ने,

(थ) कुनै वस्तु वा सेवा बिक्री वा प्रदान गर्न कुनै संरचना, मानक वा मापदण्ड तोकिएकोमा त्यस्तो संरचना, मानक वा मापदण्ड पूरा नगरी बिक्री गर्ने।

३९. **माग आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्न नहुनेः** (१) कसैले कुनै वस्तुको उत्पादन, पैठारी, ढुवानी सञ्चय, वा बिक्री वितरणमा लागेको लागत र तोकिए बमोजिम भन्दा बढी मुनाफा लिई बिक्री वितरण वा ढुवानी वा बिक्री वितरणमा अवरोध गर्नु हुँदैन।

(२) कसैले कुनै व्यक्ति संस्था वा अन्य कसैसँग मिली देहायका कुनै काम गरी कुनै वस्तु वा सेवाको माग आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्नु हुँदैनः-

(क) कुनै वस्तुको उत्पादनको लागि चाहिने कच्चा



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

पदार्थको कोटा निर्धारण गर्ने वा कुनै वस्तुको उत्पादन घटाउने वा त्यस्तै अन्य कुनै काम गर्ने,

(ख) कुनै वस्तु वा सेवा सञ्चित गरी वा अन्य कुनै तरिकाले कृतिम अभाव खडा गर्ने,

(ग) निर्धारित समय वा स्थानमा मात्र वस्तु वा सेवा बिक्री गर्ने वा त्यस्तै प्रकृतिको अन्य कुनै काम गर्ने।

४०. **<u>वस्तु वा सेवाको सम्बन्धमा गर्न नहुने अन्य कामः</u>** कसैले कुनै वस्तु वा सेवाको सम्बन्धमा देहायको कुनै काम गर्नु वा गराउनु हुँदैनः-

(क) जानी जानी कमसल वस्तुको उत्पादन, बिक्री वा पैठारी गर्न,

(ख) कुनै वस्तु वा सेवालाई अर्को वस्तु वा सेवा हो भनी वा न्यून स्तरको वस्तु वा सेवालाई उच्च स्तरको वस्तु वा सेवा हो भनी ढाँटी वा झुक्याई बिक्री गर्न,

(ग) उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने वस्तु वा सेवाको उत्पादन वा बिक्री गर्न,

(घ) एकै प्रकृतिका बिभिन्न वस्तु उत्पादन, पैठारी वा बिक्री गर्न, व्यापारी तथा व्यापारिक समूह मिली त्यस्तो वस्तुको अभाव सृजना गरी मूल्य तथा आपूर्ति व्यवस्थामा प्रभाव पार्न,

(ङ) एकै प्रकृतिको कुनै सेवा प्रदान गर्ने एक भन्दा बढी व्यापारी वा व्यापारिक समूहको मिलेमतोबाट चक्र प्रणाली, कोटा प्रणाली, आलोपालो, खेप प्रणाली वा टोकन प्रणाली अपनाई सेवा सञ्चालन गर्न,

(च) एउटा वस्तु खरिद गर्दा अर्को वस्तु पनि खरिद गर्नु पर्ने व्यवस्था गर्न।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

४१. **उत्पादकको दायित्वः** (१) उत्पादकले वस्तु वा सेवा उत्पादन गर्दा प्रचलित कानून बमोजिम पूरा गर्नु पर्ने दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) गुणस्तरीय वस्तु वा सेवा उत्पादन गर्ने,

(ख) वस्तुको लेबल निर्धारण गर्ने,

(ग) लेबलमा दफा ३७ बमोजिमका कुरा उल्लेख गर्ने,

(घ) त्रुटीपूर्ण उत्पादन नगर्ने,

(ङ) आफूले उत्पादन गरेको वस्तु त्रुटीपूर्ण उत्पादन भै त्यस्तो वस्तु बजारमा रहेको कुरा जानकारीमा आएमा त्यस्तो वस्तु संकलन गरी नष्ट गर्ने,

(च) वस्तु वा सेवाको उत्पादनको कारण उपभोक्तालाई कुनै किसिमको क्षति भए सो को मनासिब क्षतिपूर्ति दिने,

(छ) वस्तु वा सेवाको गलत वा भ्रामक बिज्ञापन वा प्रचार प्रसार नगर्ने,

(ज) दुई वा दुईभन्दा बढी पदार्थको समिश्रणबाट बनेको वा उत्पादित वस्तुमा रहेको त्यस्ता पदार्थको मात्रा, तत्व वा प्रतिशतको उपभोक्तालाई जानाकारी दिनु पर्ने,

(झ) कानून बमोजिम तोकिएका अन्य शर्त पूरा गर्ने।

(२) उपदफा (१) बमोजिमको दायित्व पूरा नगरेको वा कुनै वस्तुको उत्पादन, निर्माण, प्रशोधन, डिजाईन, सूत्र, तयारी, पैठारी, प्याकिङ्ग, लेबलिङ्गको क्रममा भएको कुनै त्रुटी, कमजोरी (डीफेक्ट) को कारण त्यस्तो वस्तु वा सेवा उपभोग गर्दा कसैको जीउ, ज्यान, सम्पत्तिमा हानि, नोक्सानी बापत त्यस्तो वस्तु वा सेवाको उत्पादक जिम्मेबार हुनेछ र त्यस बापत प्रचलित कानून बमोजिम तोकिएको क्षतिपूर्ति दिने दायित्व निजको हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, लुम्बिनी प्रदेश

तर,

(क) जुन वस्तु वा सेवाको उपभोगको कारण हानि, नोक्सानी पुगेको हो त्यस्तो वस्तुको वास्तविक उत्पादक हुनु पर्ने,

(ख) जुन वस्तु वा सेवाको उपभोग वा प्रयोगबाट त्यस्तो हानि नोक्सानी पुगेको भनिएको हो सोही वस्तु वा सेवाको उपभोग वा प्रयोगबाट हानि-नोक्सानी पुगेको प्रत्यक्ष कारण पुष्टि भएको हुनु पर्ने।

४२. **<u>बिक्रेताको दायित्व</u>**: वस्तुको बिक्री गर्ने बिक्रेताले कानून बमोजिम पूरा गर्नु पर्ने अन्य दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछः-

(क) बिना भेदभाव उपभोक्तालाई वस्तुको बिक्री गर्ने,

(ख) वस्तुको किसिम वा प्रवृत्ति अनुसार गुणस्तरमा ह्रास नआउने गरी सुरक्षित रूपमा राख्ने र सुरक्षित रूपमा बिक्री गर्ने,

(ग) सर्वसाधारणले प्रष्ट रूपमा देख्ने बुझ्ने गरी वस्तुको मूल्यसूची राख्ने,

(घ) सम्बन्धित निकाय वा पदाधिकारीले मागेका बखत आफूसँग रहेको वस्तुको मौज्दात वा विवरण उपलब्ध गराउने,

(ङ) वस्तुको कुनै किसिमको ग्यारेन्टीको व्यवस्था भएमा त्यस्तो व्यवस्थाको पालना गर्ने,

(च) पहिले आउने उपभोक्तालाई पहिले सामान बिक्री गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(छ) उपभोग्य वस्तु बिक्री गरेपछि त्यसको बिल वा रसिद दिने,

(ज) तोकिए बमोजिमको अन्य दायित्व पूरा गर्ने।

४३. **सेवा प्रदायकको दायित्वः** उपभोक्तालाई सेवा प्रदान गर्ने सेवा प्रदायकले कानून बमोजिम पूरा गर्नु पर्ने अन्य दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछ।

(क) बिना भेदभाव उपभोक्तालाई सेवा प्रदान गर्ने,

(ख) सर्वसाधारणले स्पष्ट बुझ्ने गरी सबैले देख्ने ठाँउमा आफूले प्रदान गर्ने सेवाको प्रकृति र सो सेवा प्राप्त गरे बापत उपभोक्ताले तिर्नु पर्ने मूल्यको सूची राख्ने,

(ग) सम्बन्धित निकाय वा अधिकारीले माग गरेको बखत आफूले प्रदान गर्ने सेवासँग सम्बन्धित विवरण तथा कागजात उपलब्ध गराउने,

(घ) पहिले आउने उपभोक्तालाई पहिले सेवा प्रदान गर्ने,

(ङ) उपभोक्तालाई सेवा प्रदान गरे बापतको रकम लिए पछि त्यसको बिल वा रसिद दिने,

(च) तोकिए बमोजिम अन्य दायित्व पूरा गर्ने।

४४. **बिल वा बीजक राख्नु पर्नेः** (१) पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता र बिक्रेताले बिक्री प्रयोजनको लागि खरिद गरेको वस्तु वा सेवाको उत्पादक वा खरिद बिल वा बीजक आफूसँग राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको बिल वा बीजक सम्बन्धित अधिकारीले मागेका बखत उपलब्ध गराउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

४५. **<u>वस्तु फिर्ता गर्न सकिने</u>:** (१) कसैले बिक्रेतावाट खरिद गरेको कुनै वस्तु चित्त नबुझी फिर्ता गर्न चाहेमा सात दिनभित्र बिक्रेता समक्ष फिर्ता गर्न वा त्यस्तो वस्तुको सट्टा सोही मूल्य बरावरको त्यस्तै अर्को वस्तु वा आफूले त्यस्तो वस्तु खरिद गर्दा तिरेको रकम भुक्तानी लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम वस्तु फिर्ता गर्दा बिक्रेताले मूल्यमा कटौति गर्न वा अन्य कुनै किसिमको थप शुल्क लिन पाउने छैन।

(३) उपदफा (१) बमोजिम वस्तु फिर्ता गर्दा त्यस्तो वस्तु खरिद गर्दाका वखत बिक्रेताले दिएको विल वा रसिद देखाउनु पर्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा वस्तु फिर्ता गर्न वा सट्टा लिन सकिने छैनः-

(क) खरिद भईसकेपछि खरिदकर्ताले त्यस्तो वस्तुको गुणस्तर वा परिमाणमा परिवर्तन गरेमा,

(ख) निश्चित अवधिभित्र उपभोग गरिसक्नुपर्ने प्रकृतिका वस्तु भए त्यस्तो अवधि व्यतित भइसकेको वस्तु भएमा,

(ग) दूध, फलफूल, तरकारी, माछा, मासु जस्ता तुरुन्त उपभोग नगरेमा सडीगली जाने प्रकृतिका वस्तु भएमा,

(घ) खरिद गरेको वस्तु प्रयोग गरिसकेको भएमा,

(ङ) सिलवन्दी गरिएको वस्तु भए सिलवन्दी तोडिएको अवस्थामा।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सिलवन्द गरेको वस्तु भए सिल नतोडिएको अवस्थामा त्यस्तो वस्तु १५ दिनभित्र फिर्ता गर्न वा त्यस्तो वस्तुको सट्टा सोही मूल्य बराबरको त्यस्तै अर्को वस्तु लिन सकिनेछ।

४६. **<u>मूल्यसूची तथा दर्ता प्रमाणपत्र राख्नु पर्नेः</u>** (१) उत्पादकले प्रत्येक वस्तुको कारखाना मूल्य तथा बिक्रेताले बिक्री वितरण गर्ने प्रत्येक वस्तुको थोक वा खुद्रा मूल्य र सेवा प्रदायकले प्रदान गर्ने सेवाको मूल्य स्पष्ट रूपमा उल्लेख गरी मूल्यसूची राख्नु पर्नेछ।

(२) वस्तु उत्पादन गर्ने उद्योग भए उद्योग दर्ताको प्रमाणपत्र तथा व्यवसायको हकमा व्यवसाय दर्ता, इजाजत पत्र बिक्री स्थलमा सर्वसाधारणले देख्नेगरी राख्नु पर्दछ।

(३) प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिए बमोजिम मूल्य सूचना केन्द्र स्थापना गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम स्थापित मूल्य सूचना केन्द्रलाई सम्बन्धित जिल्लामा रहेको उत्पादकले वस्तुको कारखाना मूल्य र थोक वा खुद्रा व्यापारीले सम्बन्धित वस्तुको थोक वा खुद्रा मूल्य अनिवार्य रूपमा उपलब्ध गराउनु पर्नेछ।

४७. **<u>निरीक्षण अधिकृत नियुक्त गर्न वा तोक्न सक्नेः</u>** बजार तथा आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाई उपभोक्तालाई उचित मूल्यमा गुणस्तरयुक्त वस्तु वा सेवा सरल एवं सहज रूपमा उपलब्ध गराउने कार्यको अनुगमन गर्न प्रदेश सरकारले निरीक्षण अधिकृत नियुक्त गर्न वा निरीक्षण अधिकृतको रूपमा काम गर्न प्रदेश सरकार वा स्थानीय तहको कुनै अधिकृत कर्मचारीलाई तोक्न सक्नेछ।

४८. **<u>निरीक्षण अधिकृतको काम, कर्तव्य र अधिकारः</u>** निरीक्षण अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा कुनै सेवा प्रदान गरेको ठाउँमा प्रवेश गर्न,

(ख) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा सेवा प्रदान गर्ने व्यक्तिसँग आवश्यक विवरण वा जानकारी लिन,

(ग) उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण गर्ने वा कुनै सेवा प्रदान गर्ने व्यक्ति वा सोसँग सम्बन्धित अन्य व्यक्तिसँग आवश्यक बयान लिन,

(घ) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएमा आवश्यक पर्ने परिमाणमा नमुना लिई प्रयोगशालामा परीक्षण गर्न लगाउन,

(ङ) कुनै उपभोग्य वस्तु वा सेवाको तत्काल उत्पादन, बिक्री वितरण वा सेवा प्रदानमा रोक लगाउन आवश्यक देखिएमा सो रोक लगाउन,

(च) कुनै उपभोग्य वस्तुको परीक्षण गर्न आवश्यक देखिएको कारणबाट त्यसको परीक्षणको लागि नमुना लिइएकोमा प्रयोगशालाबाट नमुनाको परीक्षण भै नआएसम्मको लागि त्यस्ता वस्तुको बिक्री वितरणमा रोक लगाउन,

(छ) निरीक्षण वा जाँचबुझको सिलसिलामा उत्पादक वा विक्रेतालाई तत्काल कुनै आदेश लिन उपयुक्त देखिएमा सो आदेश दिन,

(ज) कुनै ठाउँमा खानतलासी गर्न,

(झ) निरीक्षण वा जाँचबुझको सिलसिलामा उपयुक्त सम्झेको अन्य कार्य गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**४९. <u>निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न सक्नेः</u>** (१) कुनै ठाउँमा सुरक्षित, असरयुक्त वा गुणस्तर नभएको उपभोग्य वस्तुको उत्पादन वा बिक्री वितरण भइरहेको वा सेवा प्रदान गरेको वा ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम काम कारबाही भइरहेको छ भन्ने विश्वास हुने मनासिब कारण भएमा निरीक्षण अधिकृतले त्यस्तो ठाउँमा निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा सुरक्षित, असरयुक्त वा गुणस्तर नभएको उपभोग्य वस्तुको उत्पादन वा बिक्री वितरण भइरहेको वा सेवा प्रदान गरेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत काम कारबाही भइरहेको देखिएमा निरीक्षण अधिकृतले त्यस्तो उपभोग्य वस्तुको तोकिए बमोजिम नमुना लिई तोकिएको अवधिको लागि त्यस्तो उपभोग्य वस्तुको उत्पादन वा बिक्री वितरण गर्न वा सेवा प्रदान गर्न रोक लगाउनेछ।

(३) उपदफा (२) बमोजिम निरीक्षण अधिकृतले गरेको काम कारबाही सम्बन्धी प्रतिवेदन तीन दिनभित्र निर्देशनालयमा पेश गर्नु पर्नेछ।

**५०. <u>निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा अपनाउनु पर्ने कार्यविधिः</u>** (१) निरीक्षण अधिकृतले कुनै ठाउँको निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा देहाय बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछः-

(क) सम्बन्धित व्यक्तिलाई सूचना दिएर मात्र निरीक्षण, जाँचबुझ वा खानतलासी गर्नु पर्ने,

(ख) निरीक्षण, जाँचबुझ वा खानतलासी लिंदा यथासम्भव सूर्योदय भई सूर्यास्त नभएसम्मको समयमा मात्र गर्नु पर्ने,

(ग) निरीक्षण, जाँचबुझ वा खानतलासीको सिलसिलामा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

कुनै उपभोग्य वस्तुको नमुना परीक्षणको लागि लिएकोमा यथासम्भव कुनै व्यक्तिलाई साक्षी राख्नु पर्ने,

(घ) निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा यथा सम्भव कुनै किसिमको हानि नोक्सानी नहुने गरी लिनु पर्ने।

(२) उपदफा (१) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गर्ने सिलसिलामा निरीक्षण अधिकृतले सूचना दिँदा दिँदै पनि सम्बन्धित व्यक्ति वा अरू कसैले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्ने अनुमति नदिई बाधा विरोध गरेमा निरीक्षण अधिकृतले स्थानीय जनप्रतिनिधिहरुलाई साक्षी राखी त्यस्तो निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न सक्नेछ।

५१. **<u>उपभोग्य वस्तु रोक्का राख्न सक्ने</u>**: (१) यस ऐन बमोजिम निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा कुनै उपभोग्य वस्तु रोक्का राख्नु आवश्यक देखेमा त्यस्तो उपभोग्य वस्तु सिलबन्दी गरी सम्बन्धित व्यक्तिको जिम्मा लगाई प्रयोगशालाबाट नमुना परीक्षण वा विश्लेषण भई नआउन्जेलसम्मको अवधिसम्मका लागि रोक्का राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निरीक्षण अधिकृतले रोक्का राखेको उपभोग्य वस्तु सम्बन्धित व्यक्तिले आफ्नो जिम्मा लिनु पर्नेछ र त्यसरी जिम्मा लिँदा त्यसको दुई प्रति भर्पाई तयार गरी एक प्रति निरीक्षण अधिकृतले र एक प्रति सम्बन्धित व्यक्तिले लिनु पर्नेछ।

(३) यस ऐन बमोजिम रोक्का राखिएको कुनै उपभोग्य वस्तु सडी गली जाने प्रकृतिको भई रोक्का राखिएको अवधिमा सडीगलि गएमा सोको हानि नोक्सानी प्रति प्रदेश सरकार वा निरीक्षण अधिकृतले कुनै किसिमको जवाफदेही बहन गर्नु पर्नेछैन।

(४) निरीक्षण अधिकृतले रोक्का राखेको उपभोग्य वस्तु

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

सम्बन्धित व्यक्तिलाई जिम्मा लगाउँदा लिन मञ्जुर नगरेमा निरीक्षण अधिकृतले त्यस्तो उपभोग्य वस्तु आफ्नो कब्जामा लिई सम्बन्धित व्यक्तिलाई त्यस्तो भर्पाई दिनु पर्नेछ।

(५) रोक्का वा कब्जा गरिएको कुनै उपभोग्य वस्तुको नमुनालाई परीक्षण वा विश्लेषण गर्दा प्रयोगशालाले सो उपभोग्य वस्तु जन सुरक्षित, असरयुक्त र गुणयुक्त छ भन्ने ठहराएमा कार्यालयले रोक्का वा कब्जा भएको उपभोग्य वस्तु फुकुवा गर्नेछ।

५२. **उपभोग्य वस्तुको परीक्षणः** (१) निरीक्षण अधिकृतले निरीक्षणका क्रममा लिएको उपभोग्य वस्तुको नमुना प्रचलित कानून बमोजिम परीक्षणको लागि प्रयोगशालामा पठाउनु पर्नेछ।

(२) उपभोग्य वस्तुको नमुना लिँदा निरीक्षण अधिकृतले त्यस्तो नमुना सम्बन्धित व्यक्तिलाई दिन, परीक्षण वा विश्लेषणको लागि प्रयोगशालामा पठाउन र कार्यालयमा समेत राख्नको लागि छुट्टा छुट्टै भाँडाभित्र राखी सिलबन्दी गर्नु पर्नेछ।

(३) परीक्षणको लागि पठाइएको उपभोग्य वस्तुको नमुना प्रयोगशालामा परीक्षण हुँदा कमसल उपभोग्य वस्तु ठहरिएमा सम्बन्धित उपभोग्य वस्तुहरू जफत हुनेछन्।

५३. **निरीक्षण अधिकृतलाई बाधा विरोध गर्न नहुनेः** (१) निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा निजलाई सम्बन्धित व्यक्ति वा अरू कसैले बाधा विरोध गर्न हुँदैन।

(२) निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासीको सिलसिलामा सम्बन्धित व्यक्तिलाई कुनै आदेश दिएकोमा सम्बन्धित व्यक्तिले निरीक्षण अधिकृतले दिएको आदेश पालना गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निरीक्षण अधिकृतले दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो आदेश पाएको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

तीसदिनभित्र मन्त्रालय समक्ष उजूरी दिन सक्नेछ र त्यस्तो उजुरीको सम्बन्धमा मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ।

(४) निरीक्षण अधिकृतले निरीक्षण जाँचबुझ वा खान तलासी गर्दा सम्बन्धित व्यक्ति, स्थानीय प्रशासन तथा प्रहरीले आवश्यक सहयोग गर्नु पर्नेछ।

**५४.** **<u>प्रदेश तथा जिल्ला बजार अनुगमन समितिः</u>** (१) उपभोक्ताको हक हित संरक्षणका लागि आवश्यक व्यवस्था मिलाउन तथा वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धता सम्बन्धी विषयमा सुपरिवेक्षण तथा अनुगमन गर्नको लागि प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी प्रदेश बजार अनुगमन समिति तथा जिल्ला बजार अनुगमन समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको बजार अनुगमन समितिले आवश्यकता अनुसार अनुगमन टोली वा उपसमिति गठन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रदेश बजार अनुगमन समिति र जिल्ला बजार अनुगमन समितिको काम, कर्तव्य, अधिकार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**५५.** **<u>स्थानीय बजार अनुगमन समितिः</u>** (१) यस ऐन बमोजिम उपभोक्ताको अधिकार संरक्षणका लागि वस्तु वा सेवाको आपूर्ति व्यवस्था, मूल्य, गुणस्तर, शुद्धता सम्बन्धी विषयमा बजारको स्थलगत सुपरिवेक्षण तथा अनुगमन गर्नका लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाले स्थानीय बजार अनुगमन समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यक संख्यामा स्थानीय तह अन्तर्गतका निकाय तथा उपभोक्ताको समेत प्रतिनिधित्व हुनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) उपदफा (१) बमोजिम गठन हुने स्थानीय बजार अनुगमन समितिको काम, कर्तव्य, अधिकार, कार्यविधि तथा अन्य आवश्यक कुराहरु तोकिए बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम गठन हुने स्थानीय बजार अनुगमन समितिले आवश्यकता अनुसार बजार अनुगमन टोली वा उपसमिति गठन गर्न सक्नेछ।

(५) स्थानीयतहले स्थानीय वजार अनुगमनका लागि आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ।

५६. **<u>बजार अनुगमन टोली गठन गर्न सक्ने</u>:** (१) अनुचित व्यापारिक क्रियाकलाप भए नभएको वा मूल्य सूची राखे नराखेको वा वस्तु तथा सेवाको गुणस्तर जस्ता विषयमा नियमित बजारको अनुगमन तथा निरीक्षण गर्न मन्त्रालय वा निर्देशनालयले समय समयमा सम्बन्धित क्षेत्रको विज्ञ समेत रहेको बजार अनुगमन टोली वा विषयगत अनुगमन टोली वा संयुक्त बजार अनुगमन टोली गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बजार अनुगमन टोलीले कुनै वस्तु वा सेवाको गुणस्तर, परिमाण, मूल्य निर्धारण प्रक्रियाको सम्बन्धमा जानकारी लिन वा सोधपुछ गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम बजार अनुगमन टोलीले उपदफा (२) बमोजिम जानकारी लिँदा वा सोधपुछको सिलसिलामा सम्बन्धित उत्पादक वा विक्रेतासँग आवश्यक कागजात वा प्रमाण माग्न सक्नेछ र त्यस्तो कागजात वा प्रमाण पेश गर्नु सम्बन्धित उत्पादक वा बिक्रेताको दायित्व हुनेछ।

(४) उपदफा (१) बमोजिम बजार अनुगमन टोलीले यस

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

ऐन बमोजिम निरीक्षण अधिकृतलाई भएको सम्पूर्ण अधिकार प्रयोग गर्न सक्नेछ।

(५) उपदफा (१) बमोजिमको अनुगमन टोलीले बजार अनुगमन तथा निरीक्षण गर्दा तोकिए बमोजिम बजार अनुगमन फारमको प्रयोग गर्नेछ।

**५७. <u>जाँचबुझ वा निरीक्षण गर्न सक्नेः</u>** (१) कसैले अनुचित व्यापारिक वा व्यवसायजन्य क्रियाकलाप गरेको, बजार एकाधिकार कायम गरी वा अन्य कुनै तरिकाबाट वस्तु वा सेवाको मूल्य वा आपूर्ति व्यवस्थालाई प्रभावित पार्ने काम गरिरहेको वा कमसल वस्तुको उत्पादन वा बिक्री वितरण गरिरहेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत काम कारबाही गरिरहेको छ भन्ने विश्वास हुने मनासिब कारण भएमा वा त्यस्ता कुराका सम्बन्धमा कुनै सञ्चार माध्यम वा कुनै उजुरी मार्फत वा कुनै निगरानी गर्ने निकाय मार्फत सूचना आएमा मन्त्रालय वा निर्देशनालय वा कार्यालयले सो सम्बन्धमा तत्काल आवश्यक जाँचबुझ वा निरीक्षण गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ वा निरीक्षणबाट दोषी देखिएका उत्पादक वा बिक्रेतालाई यो ऐन वा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

**५८. <u>आकस्मिक निरीक्षण गर्न सक्नेः</u>** (१) निर्देशनालय वा कार्यालयले उपभोक्ताको हकहित संरक्षणको लागि बजारको आकस्मिक निरीक्षण गर्न सक्नेछ।

(२) आकस्मिक निरीक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

५९. **<u>सहयोग गर्नु पर्ने</u>**: (१) यो ऐन कार्यान्वयन गर्ने सिलसिलामा निर्देशनालयले स्थानीय प्रशासन तथा प्रहरीको सहयोग मागेमा त्यस्तो सहयोग गर्नु स्थानीय प्रशासन तथा प्रहरीको कर्तव्य हुनेछ।

(२) यस ऐन बमोजिम अनुगमन वा निरीक्षण गर्ने क्रममा त्यस्तो अनुगमन वा निरीक्षण गर्ने अधिकारी वा यस ऐन बमोजिम खटाईएका व्यक्ति, टोली वा निरीक्षण अधिकृतलाई आवश्यक सहयोग पुऱ्याउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

## परिच्छेद- ५

## कसूर तथा जरिबाना सम्बन्धी व्यवस्था

६०. **<u>कसूर गरेको मानिने</u>**: कसैले देहायको काम कारबाही गरे गराएमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः-

(क) दफा ३ र दफा १० बमोजिम प्राइभेट वा साझेदारी फर्म दर्ता नगरी कुनै काम वा कारबाही गरेमा,

(ख) दफा ४ र दफा १२ बमोजिम दरखास्त दिंदा झुट्ठा विवरण दाखिला गरेमा,

(ग) दफा ८ को उपदफा (२) र दफा १६ को उपदफा (२) बमोजिम दिनुपर्ने विवरण तोकिएको म्यादभित्र नदिएमा वा झुट्ठा विवरण दिएमा,

(घ) दफा ३७ बमोजिम लेबलिङ्ग नगरेमा वा लेबलमा झुट्ठा कुरा उल्लेख गरेमा,

(ङ) दफा ४१, ४२ र ४३ बमोजिम उत्पादक, बिक्रेता वा सेवा प्रदायकले आफ्नो दायित्व पूरा नगरेमा वा दायित्वको उल्लङ्घन हुने काम गरेमा,

(च) दफा ४५ बमोजिम बिक्रेताले तोकेको अबधि भित्र

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

सामान फिर्ता नलिएमा वा त्यस्तो मूल्य बराबरको सामान सट्टा नदिएमा वा मूल्य फिर्ता नगरेमा,

(छ) दफा ४४ बमोजिम बिल बीजक नराखेमा,

(ज) दफा ३८ को उपदफा (२) को खण्ड (क), (छ), (ञ), (ठ) बमोजिमको अनुचित व्यापारिक क्रियाकलाप गरे वा गराएमा,

(झ) दफा ३८ को उपदफा (२) को खण्ड (ख), (ग), (घ), (ङ), (च), (ज), (झ), (ट), (ढ), (त) वा (थ) बमोजिमको अनुचित व्यापारिक क्रियाकलाप गरे वा गराएमा,

(ञ) दफा ३९ को उपदफा (१) वा उपदफा (२) को खण्ड (क) बमोजिमको माग आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्ने काम गरे गराएमा,

(ट) दफा ३९ को उपदफा (२) को खण्ड (ख) वा (ग) बमोजिमको काम गरे गराएमा,

(ठ) दफा ४० को विपरीत हुने काम गरे गराएमा,

(ड) दफा ४६ को उपदफा (१) वा (२) बमोजिमको काम नगरेमा,

(ढ) दफा ५३ को उपदफा (१) बमोजिम यस ऐन बमोजिम जाँचबुझ, निरीक्षण वा अनुगमनको क्रममा सहयोग नगरेमा,

(ण) दफा ६५ को उपदफा (१) वा (२) बमोजिमको काम नगरेमा,

(त) व्यापार व्यवसाय सम्बन्धमा माथि उल्लिखित बाहेक प्रचलित कानूनले कसूर मानेका अन्य कसूर गरेमा।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

६१. **जरिबाना सम्बन्धी व्यवस्थाः** (१) कसैले देहायको कुनै कार्य गरे वा गराएमा यस ऐन बमोजिम कसूर गरेको मानी देहाय बमोजिमको निकाय वा अधिकार प्राप्त अधिकारीले देहाय बमोजिम जरिबाना गर्न सक्नेछः-

(क) दफा ६० को खण्ड (क) बमोजिम दर्ता नगराई खोलिएको प्रत्येक प्राइभेट फर्म वा साझेदारी फर्मको प्रत्येक धनीलाई दर्ता गर्ने निकायले दस हजार रूपैयाँ देखि पन्ध्र हजार रूपैयाँसम्म,

(ख) दफा ६० को खण्ड (ख) बमोजिम फर्म दर्ताको लागि दरखास्त दिँदा झुट्ठा विवरण दाखिल गर्नेलाई दर्ता गर्ने निकायले पाँच हजार देखि पन्ध्र हजार रूपैयाँसम्म,

(ग) दफा ६० को खण्ड (ग) बमोजिम दिनुपर्ने सूचना/विवरण तोकिएको म्यादभित्र नदिने वा झुट्ठा विवरण दिने प्राइभेट फर्म वा साझेदारी फर्मलाई तोकिएको निकायले चालीस हजार रूपैयाँ,

(घ) बजार अनुगमन, निरीक्षणको क्रममा तत्काल प्राप्त प्रमाणबाट वस्तुको उत्पादक, बिक्रेता वा सेवा प्रदायकले देहायको कुनै कसूर गरेको देखिएमा निजलाई निरीक्षण अधिकृतले देहाय बमोजिम जरिबाना गर्न सक्नेछः-

(१) दफा ६० को खण्ड (छ) बमोजिमको कसूर गरे वा गराएमा दस हजारदेखि पन्ध्र हजार रूपैयाँसम्म,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) दफा ६० को खण्ड (ज) बमोजिमको कसूर गरे वा गराएमा दुई लाख पचास हजारदेखि तीन लाखसम्म,

(३) दफा ६० को (ट) बमोजिम कसूर गरे वा गराएमा पचास हजारदेखि पचहतर हजार रूपैयाँसम्म,

(४) दफा ६० को (ड) बमोजिमको कसूर गरे वा गराएमा पचास हजारदेखि पचहत्तर हजार रूपैयाँसम्म,

(५) दफा ६० को (ढ) बमोजिमको कसूर गरेमा बीस हजार रूपैयाँ।

(ङ) दफा ६० को खण्ड (ण) बमोजिमको कसूर गरेमा निरीक्षण अधिकृतले फोहर व्यवस्थापनमा लाग्ने रकम असुल गरी फोहरमैलाको मात्रा र प्रकृति हेरी देहाय बमोजिम जरिबाना गर्नेछः-

(१) साधारण फोहरमैला भएमा पच्चीस हजार रूपैयाँसम्म,

(२) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला भएमा फोहोरको मात्रा र प्रकृति हेरी दुई लाख रूपैयाँसम्म,

(३) मरेको वा मारेको पशुपक्षी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राखे,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

फाल्ने वा थुपार्ने गरेमा पचास हजार रूपैयाँसम्म।

(२) उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमको सजाय हुने कसूर पटक पटक गरेमा पटकै पिच्छे दोब्बर जरिबाना हुनेछ।

(३) निरीक्षण अधिकृतले यस दफा बमोजिम तत्काल जरिबाना गर्नुपर्ने कारण र जरिबाना गरेको रकम लगायतका सम्पूर्ण विवरण खुलाई तीन दिनभित्र निर्देशनालयलाई जानकारी गराउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम तत्काल जरिबाना गर्ने गरी निर्णय भएको मितिले सात दिनभित्र सो जरिबाना नतिर्ने, नबुझाउने त्यस्तो वस्तुको उत्पादक वा बिक्रेता विरुद्ध निरीक्षण अधिकृतले देहायको कार्य गर्न सक्नेछः-

(क) जरिबाना भएको रकम नतिरे, नबुझाएसम्म त्यस्तो वस्तुको सिलबन्दी गरी राख्ने,

(ख) जरिबाना भएको रकम नतिरे, नबुझाएसम्म त्यस्तो वस्तुको उत्पादक वा बिक्रेताले उत्पादन वा बिक्री गर्ने अन्य वस्तु समेत रोक्का राख्ने।

(५) यस दफा बमोजिम निरीक्षण अधिकृतले गरेको कार्य उपर चित्त नबुझेमा सात दिनभित्र निर्देशनालय समक्ष पुनरावलोकन गर्न सकिनेछ र निर्देशनालयको निर्णय अन्तिम हुनेछ।

(६) यस ऐन बमोजिम निर्णय गर्नका लागि निरीक्षण अधिकृतलाई सरोकारवाला व्यक्तिहरु झिकाउने, बुझ्ने, म्याद तारेख दिने र निजहरुबाट लिखत गराउने समेत प्रचलित कानून बमोजिम अदालतले पाए सरहको अधिकार हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

६२. **<u>सजाय सम्बन्धी व्यवस्था</u>:** (१) दफा ६१ मा उल्लेखित जरिबाना सम्बन्धी व्यवस्था बाहेकको दफा ६० बमोजिमको कसूरमा प्रचलित कानून बमोजिम सजाय हुनेछ।

(२) यो ऐन बमोजिम गरिएको जरिबानाले प्रचलित कानून बमोजिम सजाय गर्न बाधा पुऱ्याएको मानिने छैन।

## परिच्छेद- ६

## <u>विविध</u>

६३. **<u>दस्तुर जम्मा गर्ने</u>:** (१) यस ऐन अन्तर्गत स्थानीय तहले लिने दस्तुर, शुल्क प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सञ्चित कोषमा दाखिल भएको रकममध्ये स्थानीय तहलाई प्रदान गरिने रकम सम्बन्धी प्रदेश आर्थिक ऐनमा व्यवस्था भए बमोजिम हुनेछ।

६४. **<u>प्रदूषण शुल्क लाग्ने</u>:** वातावरणमा प्रदूषण फैलाउने किसिमका वस्तुको उत्पादन तथा व्यापार व्यवसाय गर्ने फर्म वा कम्पनीले प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिमको प्रदूषण नियन्त्रण शुल्क तिर्नु पर्नेछ।

६५. **<u>फोहरमैलाको व्यवस्थापन गर्नु पर्ने</u>:** (१) यो ऐन बमोजिम दर्ता वा अभिलेखीकरण भएका प्राइभेट तथा साझेदारी फर्मले आफूले उत्पादन गरेको फोहरमैला आफैंले व्यवस्थापन गर्नु पर्नेछ।

(२) प्रचलित कानून बमोजिम दर्ता भई यस प्रदेशमा उद्योग, व्यापार वा व्यवसाय गर्न चाहने कम्पनीले आफूले उत्पादन गरेको फोहरमैला आफैंले व्यवस्थापन गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

६६. **<u>प्रचलित कानून बमोजिम हुने</u>**: यस ऐनमा लेखिएका कुराहरु यसै ऐन बमोजिम र अन्य कुराको हकमा प्रचलित प्रदेश वा संघीय कानून बमोजिम हुनेछ।

६७. **<u>नियम बनाउने अधिकार</u>**: यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

६८. **<u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्ने</u>**: (१) मन्त्रालयले यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीको कार्यान्वयन गर्न आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्नेछ।

(२) यो ऐनमा भएको व्यवस्था कार्यान्वयनका लागि स्थानीय तहले आवश्यकता अनुसार कार्यविधि, मापदण्ड बनाई लागू गर्न सक्नेछ।

६९. **<u>यो ऐन अन्तर्गत मानिने</u>**: (१) यो ऐनको कार्य क्षेत्रभित्र परेका यो ऐन जारी हुनु अघि प्रदेश सरकार र अन्तर्गतका निकायबाट भए गरेका कामहरु यसै ऐन अन्तर्गत भए गरेको मानिनेछ।

(२) यसअघि प्रदेश सरकारले जारी गरेको संयुक्त बजार अनुगमन निर्देशिका २०७५ यसै ऐन अन्तर्गत जारी भएको मानिनेछ।

७०. **<u>अधिकार प्रत्यायोजन</u>**: मन्त्रालय वा निर्देशनालयले यस ऐन बमोजिम आफूलाई प्राप्त भएको अधिकार मध्ये केही अधिकार आफू मातहतको कार्यालय तथा अधिकृतस्तरको कर्मचारीलाई आवश्यकता अनुसार केही अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

७१. **<u>अनुसूची हेरफेर गर्न सक्ने</u>**: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची हेरफेर गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची- १

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## <u>प्राइभेट फर्म दर्ता दरखास्तको ढाँचा</u>

श्री ................................।

महोदय,

तल लेखिए बमोजिम उद्योग व्यापार व्यवसाय गर्न निम्न लिखित नामको प्राइभेट/साझेदारी फर्म मेरो/हाम्रो नाममा दर्ता गराउन इच्छुक भएकोले यो निवेदन पत्र पेश गरेका छु/छौं। लेखिएको व्यहोरा झुठ्ठा ठहरे प्रचलित नेपाल कानून बमोजिम सहुँला वुझाउँला।

१. फर्मको पूरा नामः
२. फर्मको पूरा ठेगानाः
३. उद्देश्यः
४. पूँजीः
५. कारोबार गर्ने चीज तथा कामको विवरणः
६. प्राइभेट फर्मको धनी वा साझेदारहरुको तीन पुस्ते नाम, थर, वतन र हिस्साको अंक यो फर्मको हानि नोक्सानी भएमा घर घरानाबाट व्यहोर्न राजी हुने (हुनेहरु):

दरखास्तवाला (दरखास्तवालाहरु) को लेखात्मक र रेखात्मक दुवै औंठाको सहिछापः

लेखात्मक सहिः

वायाँ                                        दायाँ

साक्षीः दरखास्तवालाको माथि लेखिए बमोजिमको नाम, थर वतन ठीक दुरुस्त छ भनी सनाखत गर्ने।

ईति सम्वत् २...... साल...... गते..... रोज शुभम्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## *अनुसूची- २

(दफा ४ को उपदफा (२), दफा ९क. को उपदफा (२) र दफा १२ को उपदफा (२) सँग सम्बन्धित)

**प्राइभेट/साझेदारी फर्म/व्यवसाय गर्ने कम्पनीको दर्ता दस्तुर**

| सि.नं. | पुँजी | दस्तुर रु. |
|---|---|---|
| १. | एक लाख रूपैयाँसम्म | १०००।- |
| २. | एक लाख रूपैयाँभन्दा बढी तीन लाख रूपैयाँसम्म | ३०००।- |
| ३. | तीन लाख रूपैयाँभन्दा बढी पाँच लाख रूपैयाँसम्म | ६०००।- |
| ४. | पाँच लाख रूपैयाँभन्दा बढी बीस लाख रूपैयाँसम्म | १२०००।- |
| ५. | बीस लाख रूपैयाँभन्दा बढी पचास लाख रूपैयाँसम्म | २००००।- |
| ६. | पचास लाख रूपैयाँभन्दा बढी एककरोड रूपैयाँसम्म | २८०००।- |
| ७. | एक करोड रूपैयाँभन्दा बढी तीन करोड रूपैयाँसम्म | ३६०००।- |
| ८. | तीन करोड रूपैयाँभन्दा बढी पाँच करोड रूपैयाँसम्म | ४४०००।- |
| ९. | पाँच करोड रूपैयाँभन्दा बढी दश करोड रूपैयाँसम्म | ५२०००।- |
| १०. | दश करोड रूपैयाँभन्दा बढी | ६००००।- |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

* प्रदेश आर्थिक ऐन, २०८० द्वारा संशोधित।

## अनुसूची- ३

(दफा ४ को उपदफा (२) र १२ को उपदफा (२) सँग सम्बन्धित)

**बागमती प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**.................................. कार्यालय**

प्रा.फा.नं.

**उद्योग/व्यापार व्यवसाय**

**प्रमाण-पत्र**

निम्न लेखिएको विवरण भएको प्राइभेट/साझेदारी फर्म मिति ..............मा प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ बमोजिम दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ।

विवरण

फर्मको ठेगानाः..................................................
गाउँपालिका/नगरपालिका वडा नं........... स्थापना/सञ्चालन हुने स्थानः........................कित्ता नं.ः .........

**धनी (प्रोप्राइटर)/साझेदारको**

नाम, थरः

वतनः

कारोबारको उद्देश्यः

पुँजी रुः

वार्षिक उत्पादन क्षमताः

विद्युत शक्ति (किलोवाट)ः

नामसारी/ठाउँसारीको विवरणः

निर्देशक/कार्यालय प्रमुख

यो प्रमाणपत्र हराए, च्यातिए वा नष्ट भएमा रु ५००।- तिरी प्रतिलिपि लिन सकिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

## ........................................ कार्यालय

◈बागमती प्रदेश

## नवीकरणको विवरण

**फर्मको नामः**

| मिति | नवीकरण गरिएको अवधि | बुझाएको दस्तुर रु. | भौचर नं र मिति | दस्तखत |
|---|---|---|---|---|
| | | | | |

यो प्रमाणपत्र प्राप्त गर्नेले आफूले उत्पादन गरेको फोहरमैला व्यवस्थापन नगरी जथाभावी फालेमा फोहरमैला व्यवस्थापनमा लाग्ने रकम र दुई लाखसम्म जरिबाना तिर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

◈ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७ द्वारा संशोधित।

## *अनुसूची- ४

(दफा ५ को उपदफा (३) र (४), दफा ९ को उपदफा (४) तथा ९ख. को उपदफा (२) सँग सम्बन्धित)

**प्राइभेट फर्म तथा व्यवसाय गर्ने कम्पनीको अनुमतिपत्र नवीकरण दस्तुर र जरिबाना**

| सि.नं. | पुँजी | नवीकरण दस्तुर (रु.) | जरिबाना (नवीकरण दस्तुरमा थप हुने रकम) | | | |
|---|---|---|---|---|---|---|
| | | ३५ दिनभित्र | ३ महिनाभित्र | ६ महिनाभित्र | १ वर्षभित्र | १ वर्ष नाघेपछि प्रत्येक वर्षको लागि |
| १ | एक लाख रुपैयाँसम्म | ६००।- | २५% | ५०% | ७५% | १००% |
| २ | एक लाख रुपैयाँ भन्दा बढी तीन लाख रुपैयाँसम्म | १०००।- | २५% | ५०% | ७५% | १००% |
| ३ | तीन लाख रुपैयाँ भन्दा बढी पाँच लाख रुपैयाँसम्म | १६००।- | २५% | ५०% | ७५% | १००% |
| ४ | पाँच लाख रुपैयाँ भन्दा बढी बिस लाख रुपैयाँसम्म | ३०००।- | २५% | ५०% | ७५% | १००% |
| ५ | बिस लाख रुपैयाँ भन्दा बढी पचास लाख रुपैयाँसम्म | ५०००।- | २५% | ५०% | ७५% | १००% |
| ६ | पचास लाख रुपैयाँ भन्दा बढी एक करोड रुपैयाँसम्म | ६५००।- | २५% | ५०% | ७५% | १००% |

* प्रदेश आर्थिक ऐन, २०८१ द्वारा संशोधित।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | एक करोड रुपैयाँ भन्दा बढी तीन करोड रुपैयाँसम्म | ८०००।- | २५% | ५०% | ७५% | १००% |
| ८ | तीन करोड रुपैयाँ भन्दा बढी पाँच करोड रुपैयाँसम्म | ११०००।- | २५% | ५०% | ७५% | १००% |
| ९ | पाँच करोड रुपैयाँ भन्दा बढी दश करोड रुपैयाँसम्म | १५०००।- | २५% | ५०% | ७५% | १००% |
| १० | दश करोड रुपैयाँ भन्दा बढी | २००००।- | २५% | ५०% | ७५% | १००% |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# *अनुसूची- ५

(दफा १५ को उपदफा (१) र (३) सँग सम्बन्धित)

**साझेदारी फर्म नवीकरण दस्तुर**

| सि.नं. | पुँजी | नवीकरण दस्तुर (रु.) | जरिबाना (नवीकरण दस्तुरमा थप हुने रकम) | | | |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | ३५ दिनभित्र | ३ महिनाभित्र | ६ महिनाभित्र | १ वर्षभित्र | १ वर्ष नाघेपछि प्रत्येक वर्षको लागि |
| १. | एक लाख रुपैयाँसम्म | ३००।- | २५% | ५०% | ७५% | १००% |
| २. | एक लाख रुपैयाँभन्दा बढी तीन लाख रुपैयाँसम्म | ४००।- | २५% | ५०% | ७५% | १००% |
| ३. | तीन लाख रुपैयाँभन्दा बढी पाँच लाख रुपैयाँसम्म | ७००।- | २५% | ५०% | ७५% | १००% |
| ४. | पाँच लाख रुपैयाँभन्दा बढी बिस लाख रुपैयाँसम्म | १२००।- | २५% | ५०% | ७५% | १००% |
| ५. | बिस लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म | २०००।- | २५% | ५०% | ७५% | १००% |
| ६. | पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म | ३०००।- | २५% | ५०% | ७५% | १००% |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

* प्रदेश आर्थिक ऐन, २०८१ द्वारा संशोधित।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | एक करोड रुपैयाँभन्दा बढी तीन करोड रुपैयाँसम्म | ४०००।- | २५% | ५०% | ७५% | १००% |
| ८. | तीन करोड रुपैयाँभन्दा बढी पाँच करोड रुपैयाँसम्म | ५०००।- | २५% | ५०% | ७५% | १००% |
| ९. | पाँच करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्म | ६०००।- | २५% | ५०% | ७५% | १००% |
| १०. | दश करोड रुपैयाँभन्दा बढी | ७०००।- | २५% | ५०% | ७५% | १००% |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- ६

(दफा २ को खण्ड (ट) सँग सम्बन्धित)

**प्राइभेट/साझेदारी फर्म दर्ता गर्ने निकाय**

| सि.नं. | *स्थिर पुँजी | दर्ता गर्ने निकाय | कैफियत |
|---|---|---|---|
| १ | पाँच लाख रूपैयाँसम्म | गाउँपालिका वा नगरपालिका | |
| २ | पाँच लाख रूपैयाँ भन्दा बढी पाँच करोड रूपैयाँसम्म | उद्योग कार्यालय वा घरेलु तथा साना उद्योग/ विकास समिति कार्यालय | |
| ३ | पाँच करोड रूपैयाँ भन्दा बढी | उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | |

दृष्टव्यः मिति २०७८।१०।१७ मा प्रकशित प्रदेश राजपत्र सूचना अनुसार अनुसूचीहरुमा भएको "प्रदेश सरकार/बागमती प्रदेश" भन्ने शब्दहरुलाई "बागमती प्रदेश सरकार" भन्ने शब्दहरुमा रुपान्तरण गरिएको छ।

* केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा संशोधित।



आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश